मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily



सांसद महतोलाई पक्राउ निर्देशन पृष्ठ ६ मा

वर्ष १ | अंक ६४ | २०७९ साल पुस २८ गते बिहिवार | Thursday 12, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेशको दोश्रो मुख्यमन्त्रीमा यादव नियुक्त



मधेशदृष्टि
जनकपुरधाम, २७ पुस । मधेश प्रदेशको मुख्यमन्त्रीमा सरोजकुमार यादव नियुक्त भएका छन् ।

पटक पटक कार्यकारी पदको जिम्मेवारी सम्भालिसकेका अघिल्लो पटक मधेश प्रदेशकै सभामुख पद पाएका थिए भने यस पटक मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । उनी यसअघि संघीय सरकारमा दुई पटक राज्यमन्त्री समेत बनिसकेका छन् । मधेस प्रदेशको दोस्रो मुख्यमन्त्रीमा बारा निर्वाचन क्षेत्र नम्बर १ (२) बाट निर्वाचित ५१ वर्षिय सरोजकुमार यादव दुई दिनअघि जसपाका संसदीय दलको नेतामा निर्विरोध निर्वाचित भएका थिए । सत्ता गठबन्धनको समर्थनमा बुधबार ६३ सांसदको हस्ताक्षरसहित यादव मुख्यमन्त्रीका लागि प्रदेश प्रमुख हरिशंकर मिश्र समक्ष दाबी पेश गरेका थिए । दाबी पेश गरेको केही क्षणमै उनलाई मुख्यमन्त्री पदमा नियुक्त गरिएको थियो । १०७ जना प्रदेशसभा सदस्य रहेको मधेश प्रदेशमा बहुमतका लागि ५४ जना प्रदेश सभा सदस्यको समर्थन चाहिएकोमा ६३ प्रदेश सभा सदस्यको लिखित समर्थन उनले पेश गरेका छन् । यादवलाई जसपाको १६, नेकपा एमालेका २३, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ९, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका एक/एक तथा स्वतन्त्र प्रदेश सभा सदस्यहरूले समर्थन जनाएको हो ।

पुस २९ गते उनी मुख्यमन्त्री पदको शपथ ग्रहण गर्नेछ । उनी सँगै सरकारका ४ जना मन्त्री समेतले शपथ गर्नेछ । तर कुन पार्टीबाट कुन मन्त्रालयका लागि शपथ लिने हो भन्ने कुरा सत्ता गठबन्धनमा छलफल जारी नै रहेको छ ।

### सबैलाई समेटेर अघि बढने : मुख्यमन्त्री यादव

मुख्यमन्त्रीमा नियुक्त भए लगतै संचारकर्मीहरुसँग कुरा गर्दै उनले भने मुख्यमन्त्री पद पाएमा आफू खुशीभन्दा आफूमाथि जिम्मेवारी थपिएको छ । प्रदेश सरकारले गर्न बाँकी रहेको कामकाज गर्नुका साथै समर्थन गर्ने दललाई समेटेर अघि बढनेछु ।

नवनियुक्त मुख्यमन्त्री सरोज कुमार यादवले मधेश प्रदेश सरकारका लागि धेरै चुनौतीहरू भएकाले सहकार्य गरेका सबै दलहरूसँग मिलेर चुनौतीको समाधान गर्दै प्रदेशको समृद्धि र विकासको पक्षमा कामकाज गर्ने बताए । उनले प्रदेशमा भ्रष्टाचार बढेकाले भ्रष्टाचार नियन्त्रण गर्दै सुशासनको अभाव भएकाले सुशासन कायम गर्न सक्दो प्रयास गर्नेछु प्रतिबद्धता जनाए ।

### गाविस अध्यक्षदेखि मुख्यमन्त्रीसम्मको यात्रा

वि.स.२०२८ माघ १० गते बाराको सिमरौनगढ नगरपालिका-३ मा जन्मिएका यादव निरन्तर २४ वर्षकै उमेरदेखि राजनितिक पदमा रहदै आएका हुन् । गणतन्त्रवादी नेता स्व. गजेन्द्र नारायण सिंहको पालादेखि नै बुवा परमानन्द प्रसाद यादवसंगै राजनितिक थालेका हुन ।

बुबा परमान्नद प्रसाद यादव र आमा सिकिल देवीको पाँच सन्तान मध्ये चार सुपुत्री र एकल सुपुत्रका - बाँकी पृष्ठ ६ मा

## लोसपा दलको नेतामा शर्मा चयन



मधेशदृष्टि
जनकपुरधाम, २७ पुस । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मधेस प्रदेशको संसदीय दलको नेतामा अभिराम शर्मा सर्वसम्मत चुनिएका छन् ।

पार्टी अध्यक्ष महन्थ ठाकुरको उपस्थितिमा बुधबार काठमाडौंमा भएको छलफलले दलको नेता टुंगो लगाएको हो ।संसदीय दलको नेतामा शर्मासँगै जितेन्द्र सोनलको दाबी थियो । तर शर्माको नाममा सहमति जुटेको प्रदेशसभा सदस्य उपेन्द्र महतोले जानकारी दिएका छन् । शर्मालाई मंगलबार दलको नेता चयन गर्न प्रस्ताव गरिएको थियो । पार्टी अध्यक्ष महन्थ ठाकुर र बरिष्ठ नेता राजेन्द्र महतोसमक्ष लोसपाका ५ जना प्रदेशसभा सदस्यहरुले शर्मालाई दलको नेता बनाउन प्रस्ताव गरेका थिए ।शर्मालाई संसदीय दलको नेता बनाउन शर्मासहित प्रदेशसभा सदस्यहरु रानी शर्मा तिवारी, रमेश प्रसाद कुर्मी, रूपा यादव र उपेन्द्र महतोले सांयुक्त प्रस्ताव गरेका थिए । मधेस प्रदेशसभामा लोसपाका ९ जना प्रदेशसभा सदस्य छन् । लोसपा पनि मधेश प्रदेश सरकारमा सहभागी हुने सम्भावना रहेको छ । लोसपालाई दुई मन्त्रालय दिने सत्तारुढ गठबन्धनमा छलफल भइरहेको छ । शर्माकै नेतृत्वमा लोसपा प्रदेश सरकारमा जाने तयारी रहेको बुझिएको छ ।

## मेयर र उपमेयरको पुत्ला जलाइयो

मधेशदृष्टि
जनकपुरधाम, २७ पुस । धनुषाको नगराइन नगरपालिकाका ज्येष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ताको माग गर्दै जनप्रतिनिधिको पुत्ला दहन गरेका छन् ।

आन्दोलनरत ज्येष्ठ नागरिकहरूले बुधबार नगरप्रमुख र उपप्रमुखको पुत्ला - बाँकी पृष्ठ ६ मा



## वन तथा निकुञ्जको कारण हुलाकी सडकको काममा अवरोध

मधेशदृष्टि
जनकपुरधाम, २७ पुस ।
हुलाकी सडक आयोजनाको काम वन तथा निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले अनुमति नदिँदा अवरोध भएको छ ।

हुलाकी सडक निर्देशनालयका अनुसार वन तथा निकुञ्जमा पर्ने २५० किलोमिटर सडकखण्डमा आयोजनाको काम अगाडि बढ्न सकेको - बाँकी पृष्ठ ६ मा










वीरगंजमा जारी टि.२० क्रिकेट खेलमा प्रदर्शन गर्दै खेलाडी — तस्विर : मधेशदृष्टि

# शहीद पत्रकार सिंहको १४ औं दिवसमा दिप प्रज्वलन

मधेशदृष्टि
जनकपुरधाम, २७ पुस । शहीद पत्रकार उमा सिंहको १४ औं स्मृति दिवस जनकपुरधाममा मनाइएको छ ।

नेपाल पत्रकार महासंघ धनुषा लगायत विभिन्न संगठनहरूले दिपप्रज्वलन गरी सिंहको १४औं स्मृति दिवस मनाएको हो । महासंघको धनुषा शाखाले बुधबार साँझ जनकपुरधामस्थित जनक चोकमा दीप प्रज्वलन तथा श्रद्धाञ्जली सभाको आयोजना गरी स्वर्गीय पत्रकार सिंहको स्मृति दिवस मनाएका हुन् ।

पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष मनिका झाको अध्यक्षतामा आयोजित दीप प्रज्वलन तथा श्रद्धाञ्जली सभामा जनकपुरधामका सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो । महासंघले प्रत्येक वर्ष पत्रकार सिंहको स्मृति दिवस मनाउँदै आएका छन् ।

वि.सं. २०६५ साल पुस २७ गते जनकपुरधामको रजौलस्थित डेरामा पत्रकार सिंहको विभत्स हत्या गरिएको थियो । रेडियोमा समाचार वाचन गरेर डेरा फर्केकी १०/१५ जनाको नाकावधारी समूहले उनको शरीरको कैयौं भागमा खुकुरी प्रहार गरी घाइते बनाएका थिए ।



रगतले लथपथ भएकी घाइते सिंहको उपचारकै क्रममा स्थानीयले केयर मेडिकलमा मृत्यु भएको थियो । पत्रकार सिंहका मुख्य हत्यारा स्वामी भनिने उमेश यादव लगायत केहिले धनुषा जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय आदेश भई महोत्तरीको जलेश्वर कारागारमा छन् भने कयौं जना पुर्पक्षपछि रिहा भइसकेका छन । घट्नामा संलग्न अन्य केहि अझै कानुनी दायरमा आउन सकेका छैनन् ।

# सातै प्रदेशले पाए मुख्यमन्त्री, सत्तारुढ गठबन्धनकै सरकार

मधेशदृष्टि
जनकपुरधाम, पुस २७ । देशका सातवटै प्रदेशले नयाँ मुख्यमन्त्री पाएका छन । बुधबार साँझसम्म सातवटै प्रदेशले मुख्यमन्त्री पाइसकेका हुन् । मंसिर ४ को प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनपछि बनेको एमाले र माओवादीसहितको गठबन्धनले संघीय र प्रदेश सरकार गठन गरेको हो ।

सत्ता गठबन्धनको भागबण्डा अनुसार प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा एमाले नेतृत्वमा सरकार गठन भएको छ । वाग्मती र कर्णालीमा माओवादी केन्द्रको नेतृत्वमा सरकार गठन हुँदा मधेस प्रदेशमा जसपाले नेतृत्व पाएको छ ।

संघ र प्रदेशमा एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जसपा, जनमत लगायतका पार्टीहरूको सरकार बनेको छ । कांग्रेसले केन्द्रमा पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई विश्वासको मत दिएर प्रतिपक्षको बेन्चमा बस्ने घोषणा गरिसकेको छ । प्रदेश सरकारलाई उसले विश्वासको मत दिन्छ कि दिँदैन भन्ने निश्चित भएको छैन ।

सत्ता गठबन्धनको सहमति अनुसार प्रदेश १ मा एमालेका हिक्मत कार्की मुख्यमन्त्री नियुक्त भइसकेका छन् । त्यहाँ माओवादीसँग आलोपालो हो कि पाँच वर्ष एकल सरकार एमालेको नेतृत्वमा हुने हो भन्ने सार्वजनिक भएको छैन ।

विद्यार्थी पृष्ठभूमिबाट राजनीतिमा सक्रिय भएर प्रदेशको मुख्यमन्त्रीसम्म बनेका कार्की प्रदेश संसदीय राजनीतिको दोस्रो यात्रामा मुख्यमन्त्री बनेका हुन् । उनी एमालेको स्थायी कमिटी सदस्यसमेत हुन् ।

विगतदेखि नै केपी शर्मा ओली निकट नेता कार्की ओलीकै निर्वाचन क्षेत्र झापा ५ (१) बाट लगातार दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

प्रदेश १ प्रदेश सभाको सभामुख माओवादी र उपसभामुख एमालेले पाउने सहमति भएको छ । ९३ सदस्यीय प्रदेशसभामा एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका १ सहित कुल ६० सांसद सत्तापक्षमा छन् ।





मधेश प्रदेशमा जसपाका सरोज यादवले मुख्यमन्त्रीको नियुक्ति पाइसकेका छन् । यहाँपनि जसपा र जनमतको आलोपालो सरकार गठन गर्ने सहमति भएको हो । यहाँ साढे २ वर्षपछि सिके राउत नेतृत्वको जनमत पार्टीले सरकार नेतृत्व पाउनेछ । मधेस प्रदेशको मुख्यमन्त्री बनेका यादव यसअघि पटकपटक कार्यकारी पदमा रहिसकेका छन् । यसअघि संघीय सरकारमा दुईपटक राज्यमन्त्री र मधेस प्रदेशको सभामुख भइसकेका छन् ।

मधेसमा सभामुख एमाले र उपसभामुख जनमत पार्टीले पाउने सहमति भएको छ । १ सय ७ सदस्यीय मधेसमा एमालेका २३, जसपाका १६, जनमतका १३ र माओवादीका ९ सहित सत्तापक्षमा ६१ सांसद पुग्छन् ।

वाग्मती प्रदेश सरकारको नेतृत्व माओवादीका शालिकराम जमकट्टेलले पाइसकेका छन् । यहाँ आधा कार्यकाल एमालेलाई दिने सहमति छ । अरु प्रदेशमा मुख्यमन्त्रीले नियुक्ति लिइरहँदा वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले भने विश्वासको मत लिने मिति तय गरिसकेका छन् । पुस २७ मा शपथ लिएका उनी माघ ३ मा प्रदेश सभाबाट विश्वासको मत लिनेछन् ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री एमालेका खगराज अधिकारी भइसकेका छन् । यहाँ एमालेले पाँच वर्ष एकल नेतृत्व गर्ने भनिएको छ । लुम्बिनी मुख्यमन्त्रीमा एमालेका लीला गिरी नियुक्त भएका हुन ।

विद्यार्थी राजनीति हुँदै संसदीय राजनीतिमा पुगेका उनी संघ र प्रदेश गरी ६ पटक संसदीय निर्वाचन लडिसकेका छन् । यसअघि स्वास्थ्य तथा जनसंख्या र उपप्रधान तथा गृहमन्त्री भई २ पटकसम्म संघीय सरकारको मन्त्री बनेका अधिकारी यसपटक मुख्यमन्त्री भएका छन् ।

सत्तारुढ गठबन्धनमा भएको सहमतिअनुसार गण्डकीमा सभामुख माओवादी र उपसभामुख एमालेबाट चुनिनेछन् । गण्डकीमा ६० सदस्यीय प्रदेशसभा छ । गण्डकीमा सत्तापक्षमा एमालेको २२, माओवादीको ८ र राप्रपाको २ गरी ३२ सांसद अधिकारीको पक्षमा छन् । लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा एमालेका लीला गिरी बुधबार नियुक्त भएका छन् । प्रदेशमा राजनीतिप्रति समर्पित, निष्ठावान र इमान्दार रहेको छवि बनाएका उनी राजनीतिक जीवनको उत्तरार्द्धमा प्रदेशको मुख्यमन्त्री बनेका छन् ।

मुख्यमन्त्री बन्न उनले विद्यार्थी संगठनदेखि नगर, जिल्ला, प्रदेशका राजनीतिक दलको सांगठनिक नेतृत्व गरिसकेका छन् ।

लुम्बिनी प्रदेशमा सभामुख माओवादी र उपसभामुख राप्रपाबाट बन्नेछन् । ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा एमालेका २९, माओवादीका १०, राप्रपाका ४, नागरिक उन्मुक्तिका ४, जसपाका ३, जनमतका ३, लोसपाका ३ र स्वतन्त्र २ सहित गठबन्धनको पक्षमा ५८ सांसद छन् ।

कर्णाली प्रदेशको मुख्यमन्त्री माओवादीका राजकुमार शर्मा भएका छन् । यहाँ माओवादीले पाँच वर्ष एकल नेतृत्व गर्ने केन्द्रको निर्णय थियो तर त्यसलाई उल्ट्याउँदै एमालेबाट साढे दुई वर्षपछि मुख्यमन्त्री हुने प्रदेशस्तरीय सहमति भएको छ । कर्णालीमा सभामुख एमाले र उपसभामुख माओवादीबाट हुनेछन् ।

कर्णालीको ४० सदस्यीय प्रदेशसभामा माओवादीबाट १३, एमालेबाट १०, राप्रपाबाट १ गरी सत्तापक्षमा २४ प्रदेश सभा सदस्य छन् ।

सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा एमालेका राजेन्द्रसिंह रावल नियुक्त भएका छन् । यहाँ पनि साढे २ वर्षपछि माओवादी केन्द्रलाई नेतृत्व छोड्ने सहमति भएको छ । सात प्रदेश मध्ये सुदूरपश्चिमले समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेश सभामा आएका सदस्यलाई मुख्यमन्त्री पाएको छ ।

सुदूरपश्चिममा आलोपालो नेतृत्वमा सरकार गठन गर्ने र पहिलो चरणमा एमालेले नेतृत्व गर्ने समझदारी काठमाडौंमा हुँदा सुदूरपश्चिम प्रदेश सभामा तेस्रो दल एमालेका नेता रावललाई सरकारको नेतृत्व गर्ने अवसर मिलेको हो । सुदूरपश्चिममा सभामुख माओवादी र उपसभामुख नागरिक उन्मुक्ति पार्टीबाट चुन्ने सहमति भएको छ । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा माओवादीबाट ११, एमालेबाट १०, नागरिक उन्मुक्ति पार्टीबाट ७, जनमतबाट ४ र राप्रपाबाट १ गरी ३३ प्रदेश सभा सदस्य सत्तापक्षमा छन् ।

# आन्तरिक राजश्व संकलनमा वृद्धि

मधेशदृष्टि
जनकपुरधाम, २७ पुस । चालु आर्थिक वर्ष ०७९-०८० को मंसिर महिनासम्ममा आन्तरिक राजश्व कार्यालय जनकपुरधामले लक्ष्यको ९७ प्रतिशत राजश्व संकलन गरेको छ । कार्यालयले १ अर्ब ८ करोड १४ लाख ८७ हजार लक्ष्य राखेकोमा १ अर्ब ५ करोड ५० लाख ५५ हजार रकम संकलन गरिसकेको कर अधिकृत सुजित ठाकुरले जानकारी दिएका छन् । कार्यालयले आर्थिक वर्षको असारसम्ममा ३ अर्ब ६ करोड ८१ लाख रुपियाँ राजश्व संकलन गर्ने लक्ष्य राखेको उनले जनाएका छन् । गत आर्थिक वर्ष ०७८-०७९मा कार्यालयले ३ अर्ब ३० करोड ७२ लाख ५८ हजार लक्ष्य राखेकोमा ३ अर्ब १० करोड ४४ लाख ६१ हजार राजश्व संकलन गरेको थियो जुन लक्ष्यको ९३.८७ प्रतिशत रहेको थियो । त्यस्तै, आ.व.०७७-०७८ मा ४ अर्ब ६ करोड ६४ लाख ४२ हजार रुपैयाँ लक्ष्य रहेकोमा २ अर्ब ८३ करोड ९५ लाख ६९ हजार रकम असुली गरेको थियो जो कि निर्धारित लक्ष्यको ६९.८३ प्रतिशत मात्र रहेको थियो । केही दिन यता कार्यालयमै नयाँ कारोबार दर्ता गराउने आउने व्यापारी व्यवसायीहरुलाई कर सम्बन्धी प्रशिक्षण दिइने गरिएकोले राजश्व संकलनमा वृद्धि भएर गएको अधिकृत ठाकुरको भनार्य छ । गत तीन वर्षको तुलनामा राजश्व संकलनमा व्यापक वृद्धि भएको उनको दाबी छ ।

SS Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने
हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् । नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।
माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।
* शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# भारतीय सुरक्षाकर्मी विरुद्ध मुद्धा दर्ता

घनश्याम बलम्पाकी

सर्लाही २७ पुस । सर्लाहीको लालबन्दी-१ नवलपुरमा गएको आइतबार साँझ सुनचाँदी व्यवसायीलाई अपहरण शैलीमा नियन्त्रणमा लिन आउँदा पक्राउ परेका भारतीय प्रहरीविरुद्ध अभद्र व्यवहारमा मुद्दा दर्ता गरिएको छ। उनि विरुद्ध जिल्ला प्रशासन कार्यालय मलंगवा सर्लाहीमा अभद्र व्यवहारमा मुद्दा दर्ता गरिएको हो ।

सुरक्षा स्रोतका अनुसार ती भारतीय प्रहरीलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मलंगवाको हिरासतमा राखिएको छ ।

आइतबार साँझ नवलपुरस्थित पूर्व बसपार्कदेखि दक्षिणतर्फ मनकामना सुनचाँदी पसल संचालक गुड्डु साहलाई अपरिचित समूहले अपहरण शैलीमा नियन्त्रणमा लिने प्रयास भएको थियो । त्यस दिन साँझ ६ बजेतिर नेपाली नम्बर प्लेटको



स्कर्पियो चढेर आएका ४ जनाले साहलाई गाडीमा राखेर लैजाने प्रयास गरेका थिए ।

तर, तत्कालै प्रतिकार गरेर स्थानीयले अपरहरण शैलीमा साहलाई लिन आएको टोली मध्ये एक जना भारतीय प्रहरीलाई नियन्त्रणमा लिन सफल भएका थिए ।

भारतको पटना स्थित एसएस ज्वेलर्समा २०७८ माघ ७ गते ३५ किलो सुन र १२ लाख भारतीय रुपैया लुटपाट भएको घटनाको अनुसन्धानका क्रममा भारतीय सुरक्षा निकायले पटक-पटक सर्लाहीका विभिन्न व्यक्तिहरु उपर नियन्त्रणमा लिने प्रयास गरिरहेको छ ।

यसअघि वैशाखमा लालबन्दी-२ पुनर्वास निवासी सुन्दर पासवानलाई तथा साताअघि जंगली पासवानलाई पनि भारतीय प्रहरीले गाउँबाटै नियन्त्रणमा लिएर गएर मुद्दा चलाईसकेको छ । साहलाई भने के विषयमा भारतीय प्रहरीले नियन्त्रणमा लिन खोजेको हो, त्यो भने खुल्न सकेको छैन ।

यस विषयमा अनुसन्धान भैरहेको बताए पनि प्रहरीले मुख खोल्न चाहेका छैनन् ।

तर स्थानियका अनुसार प्रहरीले घटनालाइ कमजोर बनाउन अभद्र व्यबहार सम्बन्धी मुद्धा दर्ता गराउन पिडितलाइ दवाब दिएको स्थानियको आरोप छ ।

# गुजरामा चिसो बाट जोगीन दाउरा वितरण

आरके श्रीवास्तव



गरुडा, २७ पुस ।

मधेस सहित देशभरी नै शितलहरका कारण सर्वसाधारणाको जनजिवन प्रभावित हुन थालेपछि चिसोलाई ख्याल गर्दै नगरबासीको लागि रौतहटको गुजरा नगरपालिकाले दाउराको ब्यवस्था मिलाएको छ । गुजरा नगरपालिकाका नगर प्रमुख सन्तलाल चौधरीले आफ्नो नगरवासीलाई ख्याल गरि कठ्यांग्रिदो जाडोबाट बच्नको लागि ९ वटै वडामा आगो ताप्नको लागि दाउराको व्यवस्था मिलाएका छन् । डिभिजन वन कार्यलय रौतहटसँग समवन्य गरी नगरको प्रत्येक वडामा दाउरा वितरण थालिएको नगर प्रमुख चौधरीले जानकारी दिए । नगरपालिकाले उपलब्ध गराएको दाउरा नगरपालिकाको सार्वजनिक स्थल तथा चौक चौकमा र आवश्यकता अनुसार ठाउँ ठाउँमा समेत उपलब्ध गाराउन नगर प्रमुख चौधरीले बताए । मेयर चौधरीको यो कदमको नगरवासीहरुले सराहना गरेका छन् । अत्यधिक चिसो बढेपछि वृद्धवृद्धा,अति विपन्न परिवारहरु समस्यामा परेका छन् ।

# पृथ्वी जयंतीको अवसरमा जनकपुरधाममा सरसफाई




प्रिया कर्ण

जनकपुरधाम,२७ पुस । पृथ्वी जयंतीको अवसरमा जनकपुरधाममासरसफाईकार्यक्रम गरिएको छ ।जयंतीको अवसरमा जनकपुरधाम स्थित शहीद गेटमा महिला एवम बाल बालबालिकाको पहलमा सरसफाई अभियान सम्पन्न भएको हो ।बुधवार बिहान ८ बजेदेखि सुरु भएको सरसफाई शहीद गेट तथा त्यसको वरपरका ठाउँहरुमा प्लाष्टिक, कागज लगायतका फोहोरहरुको सरसफाइ गरिएको थियो। कार्यक्रममा पत्रकार महासंघ प्रदेश उपाध्यक्ष ज्योति झा, जिल्ला प्रहरी कार्यलयका डि एस पी प्रदीप बहादुर क्षेत्री , सरसफाई अभियानि रुबि झा, राष्ट्रिय मानव अधिकार आयोगको अधिकृत रेखा दत्त, सहकारी संघ सिराहाको जिल्ला अध्यक्ष तथा काव्या हस्पिटलको चिकित्सक टीमकों उपस्थिति रहेका थियो ।

कार्यक्रम संचालन जिल्ला अदालत धनुषाको अधिकृत विष्णु भट्टराईले गरेका थिए भने धन्यवाद ज्ञापन उच्च अदालत जनकपुरको अधिकृत शुभा महतोले गरेकी थिईन् ।

# शितलहरले गोलभेंडामा डढुवा रोगको प्रकोप

घनश्याम बलम्पाकी,

सर्लाही, २७ पुस । सर्लाहीको उत्तरी भेगमा लगाएको गोलभेंडाको बोट डढुवा रोगले मर्न थालेपछि किसान चिन्तित भएका छन् । एक सातादेखि चलेको शितलहरका कारण डढुवा रोगको प्रकोपले गोलभेंडाको बिरुवा मर्ने र फल



कुहिन थालेपछि किसान चिन्तित भएका हुन् ।

जिल्लाको कर्मैया, हरिवन, अत्रौली, सासापुर, लालबन्दी, घुर्कौली, नवलपुर पत्थरकोट, रानीगंज, घारीबथानलगायतको स्थानमा ब्यवसायिक गोलभेंडा खेती हुने गर्छ । बिहान र बेलुकाको समयमा कठ्याङ्ग्रीदो चिसो र वर्षा झैं परेको शीत (तुषारो)ले गोलभेंडा कुहिन थालेको छ ।

सबै बिरुवा डढुवा रोगले मर्दै छ,गोलभेंडा कुहिन थालेको छ, ढुसी नाशक बिषादी छरे पनि रोग नियन्त्रण नभएको हरिवन नगरपालिका-२ का किसान राम विश्वास साहले निरास हुँदै भने, । उनले सवा बिगाहामा गोलभेंडा खेती गरेका छन् ।

रोग नियन्त्रणका लागि जति प्रयास गरेपनि पन्ध्र कयको बोट र फल कुहिएर कामै नलाग्ने भएको बताए ।, बाँकी दश कयको पनि केहीदिन यस्तै शितलहर भयोभने यो पनि कुहिएर खेर जाने बताउँछन् । उनका अनुसार यस क्षेत्रमा गोलभेंडा खेती गर्ने सबै किसानको यस्तै समस्या भोगिरहेका छन् ।

अर्का किसान लालबन्दी ११ हिरापुरका मिलन रायले १० कठ्ठामा जमिनमा ५ बर्ष देखि गोलभेंडा खेती गर्दै आएका छन् । फल दिएको शुरुका दिनहरुमा राम्रै आम्दानी लिएको भएपनि पुस महिनाको दोस्रो सातादेखि परेको शितलहरका कारण बिरुवामा डढुवा रोगले फल र बिरुवा मरेपछि यसबर्ष लगानी समेत नउठ्ने होकी भन्ने चिन्ताले पिरोलीरहेको छ उनले चिन्तित हुँदै भने ।

कृषिज्ञानकेन्द्रमलंगवा,सर्लाहीका अनुसार लामो समयसम्म चिसो र शितलहरका कारणले उत्तरी क्षेत्रका ब्यवसायिक रुपमा गोलभेंडा खेती गरेका किसान मारमा परिरहेका छन् । बाक्लो हुस्सु र हितलहरका कारण बिषादीले पनि काम नगरेको बताउँछन् ।

चिसो र शितलहरले तापक्रम अत्यन्तै न्युन हुने र वातावरणमा आद्रता बढ्दा जमिनमा रहेको ढुसी सक्रिय भइ डढुवा रोगको प्रकोप देखा पर्ने पर्ने कृषि प्राविधिकहरु बताउँछन् ।

पछिल्लो समय डढुवा रोगको प्रकोपले गोलभेंडा, आलु, तरकारी,तेलहन लगायतका बाली नराम्ररी प्रभावित भएको छ ।

जिल्लावासीले एक साता भन्दाबढी राम्ररी घाम देख्न पाएका छैनन् । शितलहर र कठ्याङ्ग्रीदो जाडोको कारण नागरिकको दैनिकी कष्टकर बन्दै गएको छ ।

# ल्याब सम्बन्धी मेसिन हस्तान्तरण



आरके श्रीवास्तव

गरूडा,२७ पुस । रौतहटको कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जयसवालले ल्याब सम्बन्धि मेसिनहरु हस्तान्तरण गरेका छन् । कटहरिया नगरपालिका वडा नम्बर ५ स्थित रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई करिब ७० लाख मुल्य बराबरको ल्याब सम्बन्धि सामाग्री तथा उपकरण हस्तान्तरण गरेका हुन् ।

बुधवार आयोजित एक कार्यक्रमका बीच मेयर जयसवालले स्वास्थ्य केन्द्रका ईन्चार्ज डा.अनिल साहलाई सो सामग्री हस्तान्तरण गरेका हुन् । आफनै पहलकदमीमा मेयर जयसवालले मधेश प्रदेश सरकारको प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामको सहयोगमा प्राप्त माइक्रोस्कोप,इसिजि मेसिन सहितका विभिन्न स्वास्थ्य सामाग्रीहरू स्वास्थ्य संस्थालाई प्रदान गरेका हुन् ।

नगरवासीहरुलाइ ल्याब जाँच गराउन सहयोग होस भन्ने उद्देश्यले उक्त उक्त सामानहरु हस्तान्तरण गरिएको उनले बताए । नगरवासीको स्वास्थ्यको मध्य नजरगरि मेयर ती सामाग्रीहरु वितरण गरिएको उनले बताए । कार्यक्रममा वडा नम्बर ५ का वडा अध्यक्ष सर्फलाल गुप्ता,वडा नम्बर ८ का वडा अध्यक्ष समिशबिक्रम शाह,कार्यपालिका सदस्य दिलिप साह,पत्रकार प्रकाश श्रेष्ठ,स्थानिय भद्रभलादमी, लगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

# चिसोले कठ्यांग्रिएर एक वृद्धको मृत्यु

आरके श्रीवास्तव



गरुडा, २७ पुस । रौतहटमा चिसोले कठ्यांग्रिएर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कटहरिया १ भसेढवा टोलका ९० वर्षिय वृद्ध धेनुक साह कानु रहेका छन् ।

मंगलवार राति घरैमा सुतेको अवस्थामा चिसोले कठ्यांग्रिएर मृत्यु भएको कटहरिया नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष भूपेन्द्र महतो कोइरीले जानकारी दिए ।

मधेशमामा एक सातादेखिको शीतलहर कायमै रहेको छ । चिसोले जनजिवन कष्टकर बनेको छ। चिसोले गर्दा मानिसहरु बिरामी पर्न थालेका छन् । अत्यधिक चिसोले विशेष गरी कोल्ड डायरिया, दम, खोकीले सर्वसाधारणलाई सताएको चिकित्सकहरु बताउँछन् । गत सोमवार बिहानदेखि बाक्लो हुस्सु र ठण्डी हावाले एकाएक अत्यधिक चिसो बढेको छ । चिसोले खास गरेर विद्यालयका बालबालिका, जेष्ठ नागरिक, विपन्न गरिब मजदुर वर्ग बढी प्रभावित भइरहेको छ । चिसोको मौसममा अति आवश्यक काम बाहेक बाहिर न निस्कन चिकित्सहरुले सुझाव दिएका छन् । यस अघि चिसोले कठ्यांग्रिएर जिल्लाको यमुनामाइ गाउँपालिका ५ झुनखुनवा टोल फतुवाका ७० वर्षिय वृद्ध लालमहम्द मियाँ कवारीको मृत्यु भएको थियो । यस विषय जिल्ला प्रहरी प्रवक्ता एवम् सूचना अधिकारी सुनिल मल्ल सँग बुझ्दा अहिले सम्म चिसोकै कारण मृत्यु भएको भन्ने हामीलाइ कुनै जानकारी नआएको बताए । हामी सँग त्यस्तो कुनै रेकर्ड नरहेको उनले जानकारी गराए ।

# नि:शुल्क सुरक्षागार्ड तालिम सुरु

आरके श्रीवास्तव

गरुडा,२७ पुस । रौतहटको कटहरियामा नि:शुल्क सुरक्षागार्ड तालिम सुरु भएको छ । नगरपालिकाको वडा नम्बर ५ कटहरिया बजारमा बुधवार देखि ३२ दिने (१६० घण्टे) तालिमको शुभारम्भ गरिएको हो । उदघाटन कार्यक्रमको प्रमुख अतिथीको रुपमा वडा अध्यक्ष सर्फलाल गुप्ता रहेका थिए । मधेश प्रदेश सरकार,समाजिक विकास मन्त्रालय,व्यवसायीक तथा सीप तालिम केन्द्र राजपुर रौतहटको वित्तिय सहयोगमा जय मधेश सेक्यूरिटि सर्भिस प्रा.लि. जनकपुरधाम ९ धनुषाले आर्थिक वर्ष २०७९/८० मा सञ्चालित कार्यक्रम मार्फत तालिम प्रदान गरिरहेको छ । तालिममा करिब १३ जनाको सहभागिता रहेको आयोजक संस्थाले जानकारी गराएका छन । तालिममा संस्थाका भगत महतोले सुरक्षगार्ड सम्बनिधी तालिम दिने बताइको छ। पुस २७ गते बुधवार देखि सुरु भएको तालिम अगामी माघ २९ गते सम्म चल्ने जनाइएको छ ।तालिम प्राप्त गरि सकेपछि प्रमाणपत्र प्रदान गरिने बताइएको छ । केहि हदसम्म बेरोजगारी समस्या हल गर्ने उदेश्य तालिम सञ्चालन गरिएको तालीमको उदघाटन कार्यक्रममा शिक्षक चुनचुन प्रसाद यादव,पत्रकार प्रकाश श्रेष्ठ लगायतका व्यत्तीहरुको उपस्थिती रहेको थियो ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

जनकपुरधाम उप-महानगरपालिका
जनकपुरधाम, मधेश प्रदेश, धनुषा

सम्पादकीय


# सरोजलाई सफल कार्यकालको शुभकामना

जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री नियुक्त भएका छन् । प्रदेश प्रमुख हरिशङ्कर मिश्रले नेपालको संविधानको धारा १६८ (२) बमोजिम यादवलाई बुधबार मुख्यमन्त्री नियुक्त गरेका छन् ।
प्रत्यक्ष ६४ र समानुपातिक ४३ गरी कूल १०७ सांसद रहेको मधेश प्रदेश सभाका ६३ सांसदको सहमतिमा उनी मुख्यमन्त्री नियुक्त भएका हुन् । नेता यादवलाई नेकपा एमाले (२३), जसपा (१६), जनमत पार्टी (१३), माओवादी केन्द्र (आठ), राप्रपा,संघीय समाजवादी तथा नागरिक उन्मुक्ति पार्टी (एक/एक) तथा दुई जना स्वतन्त्र सांसदको समर्थन रहेको छ । प्रदेशसभामा सरकार बना( उन न्यूनतम ५४ सांसद आवश्यक हुन्छ ।
अघिल्लो संसदमा सभामुखको भुमिका निर्वाह गरेका सरोजकुमारका लागि मुख्यमन्त्रीको जिम्मेवारी आएको छ । अघिल्लो सांसदको जस्तो सहज गणित भने उनको पक्षमा छैन । अघिल्लो संसदमा अहिलेका जसपा र लोसपा एकिकृत थिए । सरकार र सदन दुबै तर्फ बलियो बहुमत थियो । अहिले भने केन्द्रीय राजनीतिको छायाँ प्रदेशमा परेको छ । केन्द्रीय समिकरण अन्र्तगत जसपाले आधा समय मधेश प्रदेशको नेतृत्व पाएको हो । मधेशको सबै भन्दा ठूलो दल एमाले समामुख सहीत केही मन्त्रालय लिने छ भने मधेशको दोश्रो दल नेपाली कांग्रेस प्रतिपक्षीय कित्तामा रहने छ । त्यस्तै लोसपा र एकिकृत समाजवादी पनि प्रतिपक्षीय भूमिकामा रहने देखिदैंछ । मधेश प्रदेशको राजनीतिमा दोश्रो आम निर्वाचन अघिल्लो भन्दा धेरै अर्थमा भिन्न छ ।
प्रदेशसभामा एकछत्र राज गरेका जसपा लोसपा विभाजित भएका छन् भने मधेशको राजनीतिमा वैकल्पिक शक्तिको रुपमा नयाँ पार्टी उदाएको छ,। त्यस्तै एमाले प्रदेशको सबै भन्दा ठूलो दल बनेको छ भने दोश्रो स्थानमा नेपाली कांग्रेस तेश्रो स्थानमा जसपा र चौथो शक्तिमा उदयमान भएको छ जनमत पार्टी । मधेशमा विखण्डवादी नारा र अभियान चलाएर चर्चामा आएका सीके राउतको संसदीय राजनीतिमा प्रवेश सकारात्मक मानिए पनि उनी परीक्षामा छन् । जनमतका जुझारु भाषा र कार्यशैलीको व्यवस्थापन सहज छैनन् । सडक राजनीतिबाट संसदको राजनीतिमा आएको जनमतको भूमिका र उसको प्रस्तुती हेर्न बाँकी नै छ । जसपा नेतृत्व चुनौतीबीच घेरिएको छ । एमालेसँगको सहयात्रामा मधेश प्रदेशमा सरकारको नेतृतव त प्राप्त भएको छ ।तर, जसपा जस्तो मधेशवा( दी दल र मधेशवादी राजनीतिको विरोधी एमालेबीच समन्वय सहज देखिदैंन ।
नेतृत्वमा जसपा रहे पनि सरकारमा जसपा भन्दा एमाले, जनमत, माओवादीका मन्त्रीहरुको आधिकता रहने देखिदैंछ । अहिलेको केन्द्र देखि प्रदेशस्तरमा बनेको सत्ता समिकरण सहज, सौहाद्र किसिमले अघि बढ्यो भने सरकार र सदन दुबै सहयोगी बन्नसक्छन् । केन्द्रमा खटपट भयो भने जटिलता उत्पन्न हुनसक्छ । सफल सभामुखको भूमिका निर्वाह गरिसकेका शुशिक्षित सरोजलाई संसद सोचे सहज नहुनसक्छ । अहिलेको संसदमा विगतको तुलनामा नेपाली कांग्रेस बलियो छ, सांसद संख्याका हिसावले । कांग्रेसले प्रतिपक्षीय भूमिमा कस्तो निर्वाह गर्दछ, त्यसले धेरै अर्थ राख्दछ ।
सबै भन्दा महत्वपूर्ण जसपा र जनमत आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिको कार्यान्वयन हो । केन्द्रीय सहमति अनुसार सरोज नेतृत्वको सरकार अढाई वर्षका लागि हो । यो अवधिमा सरोजका सामुन्ने खस्किएको दलको हैसियत उकास्ने र जनतामाझ लोकप्रिय छवि कमाउने जिम्मेवारी छन् ।
सभामुखको चेयरबाट सरोजले हिजोको जसपा नेतृत( वको सरकार संचालनका व्यवधानहरुलाई नजिकबाट नियालेका छन् सायद । मुख्यमन्त्री लालबाबु राउतले आफ्नै पार्टीका मन्त्री र सांसदहरुलाई नियन्त्रणमा लिन हम्मेहम्मे परेको अवस्थाहरुलाई नजिकबाट अनुभव गरेका सरोजका सामुन्ने भिन्न भिन्न पार्टी र विचारधाराका सांसदहरुलाई साथमा लिएर हिडनुपर्ने वाध्यता छ । आप( ्नै पार्टीका सांसदहरुले सरकारको नीति तथा कार्यक्रम समेत फेल गराउने हुन कि भन्ने स्थिति झेलेका हुन तत्कालिन मुख्यमन्त्री लालबाबुले ।
केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको हस्तक्षेप, सांसद विकास कोषको पैसा डेड करोडबाट तीन करोड पुऱ्याउने र योजनाहरु दिने सहमतिमा नीति तथा कार्यक्रम पास भएको विगतबारे सरोज अवगत हनुपर्दछ । जनमतल( ाई साथमा लिएर काम गर्न अझ सहज छैन । संभवत सरकारमा बसेर पनि प्रतिपक्षी भूमिका रुचाउने छ जन( मतले । मधेशको राजनीतिमा जसपा बलियो हुँदा त्यसको असर जनमतमा पर्दछ । जनमत बलियो हुँदा त्यसको प्रत्यक्ष प्रभाव जसपामा पर्ने हुन्छ । मधेशको भूराजनीी( तमा यी दुई दल आपसमा प्रतिस्पर्धी दल हुन् ।
केन्द्रको राजनीतिमा कुनै किसिमको खटपट भयो भने त्यसको प्रत्यक्ष असर मधेश प्रदेशमा पर्ने छ । कारण, मधेशको ठूलो दल एमाले हो । सभामुखको हैसियत सरकारलाई भरपुर सहयोग गरेका थिए सरोजले विगमा । त्यस्तै सहयोग फरक राजनीतिक पार्टी र फरक विचारधाराका एमालेका सभामुखबाट प्राप्त होला ?
अघिल्लो संसदको पाँच वर्षे कार्यकाल सफलतापूर्वका निर्वाह गरेका, शालिन, शुशिक्षित सरोज पार्टी अध्यक्षका पनि केही भरपर्दा विश्वासपात्र मध्येका हुन् ।सरोजले कार्यकारी जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नसकुन । उनको कार्यकाल सफल रहोस, शुभकामना ।

# विश्वासको मत : अविश्वासको बीउ

परिदृश्य

*ओलीले हृदयदेखि स्वीकार गरेर पुष्पकमललाई सत्ताको बागडोर सुम्पिएका होइनन् । 'रात रहे अग्राख पनि पलाउँछ' भनेझै सत्ता राजनीतिको छोटो समयमा धेरै थोक भइरहेको छ । विरोधी कित्तामा बस्नुपर्नेहरु लाम लागेर विश्वासको मत दिन उत्साही हुनुले राजनीति धमिल्लिइरहेको अनुभव हुन्छ ।*



**– विश्वमणि पोखरेल**

माओवादी अध्यक्ष पुष्पकमल दाहालले प्राप्त गरेको विश्वासको मतले उनलाई चक्रवर्ती प्रधानमन्त्री भन्न मिल्दछ । राजतन्त्रहरुमा चक्रवर्तीको अर्थ जसको वीरता, सौर्यता चारै दिशा फैलिएको हुन्छ । पराक्रमी हुन्छन् उनीहरु । पुष २६ मा विश्वासको मत लिँदा उनलाई संघीय संसदका २७५ सांसद मध्ये २६८ सांसदले समर्थन गरे । आम निर्वाचनबाट तेश्रो शक्तिको रुपमा आएको माओवादी पार्टीका अध्यक्षले यतिधेरै समर्थन पाउँनुको अर्थ पुष्पकमलको राजनीतिक ओज र आकर्षण भने होइन। निर्वाचनबाट आएका प्रमुख दल नेपाली कांग्रेस र एमालेले एकले अर्कालाई सत्ताबाट सिमित गर्ने राजनीतिको उपज पुष्पकमल प्रधानमन्त्री बनेका हुन् । अहिले उनले पाएको भारी विश्वासको मतका पछाडि पनि एमाले काग्रेसबीचको टकरावनै प्रमुख कारण मानिन्छ ।
खासमा पुष्पकमल कसैका लागि पनि भरपर्दा होइनन् । सत्ता राजनीतिबाट बाहिर बस्ननसक्ने उनको विगत र सत्ता राजनीतिलाईनै संसदीय राजनीतिको सर्वोपरी ठान्ने काग्रेस सभापति शेरबहादुर देउवाको स्वार्थले पुष्पकमल प्रधानमन्त्री बनेका हुन् । राजनीतिमा जे पनि गर्न मिल्दछ र हुन्छ भन्ने मनोविज्ञान नेपालका नेताहरुले प्रर्दशन गरेकोले पनि पुष्पकमलले अवसर पाएका हुन् । नेकपाको दुईतिहाईको सरकार हुँदा पुष्पकमलले सत्ता नपाएपछि नेकपानै विभाजन भएको हो । त्यसबेला एमाले अध्यक्ष केपी ओली अधिनायकवादी दरिएका थिए । उनलाई प्रतिगमनकारी भनिएको हो ।तर, अहिले तिनै ओलीको आर्शिवादबाट पुष्पकमल प्रधानमन्त्री बनेका छन् । खासमा ओलीका निमित्त नायक हुन पुष्पकमल ।पुष्पकमलको प्रधानमन्त्रीत्वबारे हाम्रो उत्तरी छिमेकीको योगदान रहेको चर्चा राजनीतिक वृतमा छ। संविधानको धारा ७६(२) अन्र्तगतका अभ्यास भइरहदा काठमाडौंको चिसोमा दिल्ली र बेइजिङ्ग पनि उत्तिकै क्रियाशिल थिए । अन्त्यमा, बेइजिङ्गले बाजी मार्यो । अहिले पुष्पकमलाई कांग्रेसले विश्वासको मत दिनुपछाडि पनि वाह्य दबाब अर्न्तनिहित अनुभव हुन्छ ।
कांग्रेस सभापति एवं संसदीय दलका नेता देउवाले संसदमा लामो १३ बुँदे वक्तव्यमा सरकारमा सहभागि नहुने, प्रतिपक्षीय भूमिका निर्वाह गर्ने बयान गर्दै अन्त्यमा पुष्पकमलाई विश्वासको मत दिने घोषणा गरेका छन् । वक्तव्यको अन्तिम १३ औं नम्बरमा भनिएको छ ' सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहालले आग्रह गर्नुभए अनुसार संविधानको रक्षाको पक्षमा उहाँ उभिनु हुनेछ भन्ने विश्वासका साथै मुलुकमा विद्यमान चुनौतिको सामाना गर्दै देश र जनताको हितमा काम गर्नु हुनेछ भन्ने विश्वासका साथ तत्कालका लागि उहाँले राख्नु भएको प्रस्तावको पक्षमा नेपाली काँग्रेस मतदान गर्नेछ ।' रोष्टमबाट देउवाले प्रतिपक्षीय भूमिकाको प्रवचन दिदैं विश्वासको मत दिने घोषणा गर्दा प्रयोग भएका शब्द सामान्य तर कुटील छन् । पुष्पकमल संविधानको रक्षामा उभिने, विद्यमान चुनौतीको सामना गर्दै देश हितमा काम गर्नसक्ने विश्वास व्यक्त गर्दै तत्कालका लागि प्रस्तावको पक्षमा नेपाली कांग्रेसले मतदान गर्नेछ भनिएको छ । कांग्रेसले विश्वासको मत नदिएको थियो भने पनि पुष्पकमलले विश्वास प्राप्त गर्दथे । एमाले अध्यक्ष ओलीको रणनीति अन्र्तगत बनेको सरकारमा सहभागि दलहरुबीच कसैले नगदी, कसैले उधारोमा विश्वासको मत दिइरहँदा कांग्रेसको समर्थन आवश्यक थिएन नै । सोझो हिसाव र राम्रो नियत राखेर देउवाले विश्वास पस्किएका होइनन् । विश्वासको मतमा अविश्वासको बीउ रोप्ने काम भएको छ । समर्थन गर्दा कतै कुनै आग्रह नराखे पनि देउवाको यो कदम जुन पार्टी भित्रै आलोच्य छ, त्यसका पछाडि सत्ता राजनीतिको स्वार्थ लुकेको हुनसक्छ । बाहिर सतहमा समर्थन गरेर पुष्पकमल र एमाले अध्यक्ष ओलीबीच विश्वासको संकट पैदा गर्ने ध्येय हुनसक्छ । अथवा, भित्रभित्रै वृहद सहमति बनेको हुन पनि सक्छ । हाम्रा नेताहरु आन्तरिक राजनीतिक समिकरणका साथै छिमेकीबीच सन्तुलन मिलाउने पर्ने दायित्वबाट थिचिएका त छैनन् ? घटनाक्रमहरुले त्यस्तै संकेत गर्दैछन् । हुनसक्छ उत्तरलाई प्रधानमन्त्री दक्षिणलाई राष्ट्रपति ! कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको देउवाका हरेक कदमको समर्थन र सत्ता याचनाका लागि भैरहेको दौडधुपले त्यस्तै संकेत गर्दैछन् । तर, राजनीतिको खालमा कांग्रेस छैन, च्याँखे थाप्दा कहिले बल्झन्छ, कहिले साउ पनि स्वाहा हुन्छ ।
संघीय संसदमा नेपाली कांग्रेस सबै भन्दा ठूलो दल हो । तर, देउवाको सत्ता राजनीतिले उसलाई कतै पनि सत्ता प्राप्त भएन । देउवा खासमा नेता बन्नसकेका थिए भने संघमा कांग्रेसको दबदबा हुन्थ्यो । राष्ट्रपति, प्रधानमन्त्री,सभामुख जस्ता भागबण्डाको डँाडुपुन्यु देउवासँग हुन्थ्यो । प्रदेश प्रमुख लगायत सभामुख पदहरुमा उसलाई राम्रो हिस्ता प्राप्त हुने थियो ।
तर, उनी प्रधानमन्त्री पदको पछि लाग्दा काग्रेस न सत्ताधारी भयो न त प्रतिपक्ष नै । सबै भन्दा ठूलो दल हुँदाहुँदै सोझो हिसावले कतै कुनै पद पाउँने संभावना देखिदैन । प्रधानमन्त्री, सभामुख,प्रदेश प्रमुख सबै तिरबाट बन्चित काग्रेसले राष्ट्रपति पदको आग्रह सहीत विश्वासको मत दिएको अर्थ लगाइदैं छ । तर कांग्रेसको चाहना पुरा गर्दा पुष्पकमलले ओलीलाई धोखा दिनुपर्ने हुन्छ । त्यसो त ओलीले हृदयदेखि स्वीकार गरेर पुष्पकमललाई सत्ताको बागडोर सुम्पिएका होइनन् । 'रात रहे अग्राख पनि पलाउँछ' भनेझै सत्ता - बाँकी पृष्ठ ६ मा



> हाम्रा नेताहरु आन्तरिक राजनीतिक समिकरणका साथै छिमेकीबीच सन्तुलन मिलाउने पर्ने दायित्वबाट थिचिएका त छैनन् ? घटनाक्रमहरुले त्यस्तै संकेत गर्दैछन्। हुनसक्छ उत्तरलाई प्रधानमन्त्री दक्षिणलाई राष्ट्रपति ! कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको देउवाका हरेक कदमको समर्थन र सत्ता याचनाका लागि भैरहेको दौडधुपले त्यस्तै संकेत गर्दैछन् । तर, राजनीतिको खालमा कांग्रेस छैन, च्याँखे थाप्दा कहिले बल्झन्छ, कहिले साउ पनि स्वाहा हुन्छ ।

# विद्यार्थी राजनीति र स्ववियु चुनावको खस्कैदै छ साख

## *नवीनतम विचार र समयसापेक्ष रूपान्तरणको लागि स्ववियु चुनाव आजको माग*



**– ई. रमेश कुमार यादव**

आलोचना आगो जस्तो हैन कैंची जस्तो हुन्छ । जसले सबै जलाएर खरानी बनाउने हैन कैचि जस्तो कपडालाई काटेर सुन्दर बस्त्र बनाउँछ।
उल्लेखित हरफ विषय प्रवेश पहिले नै यो लेखलाई विरोधको नजरले हैन, सकरात्मक दृष्टि मिलोस् भन्ने अपेक्षाले लेखेको छु । म यहाँ विद्यार्थी संगठनबारे केही राख्न चाहन्छु । संगठन भावना, ऊर्जा, एकता र विचारहरूको संगम हुन्छ । संगठन आफैंमा एक निश्चित विचार, उद्देश्य र पद्धतिबाट चल्न गठित हुन्छ ।
यसको मर्म भावनालाई बुझ्नु हरेक असल नेतृत्वको पहिलो जिम्मेवारी हुन्छ । समयसापेक्ष संगठनमा रूपान्तरण जरूरी हुन्छ जसले पुरानो ढंगका सधैंका नियमित प्रक्रियालाई भाँच्ने र नयाँ आयामका साथ अगाडि बढ्ने बाटो खोज्दछन् । जस्तो कैंचीले आलो कपडा काटेर छेउटुप्पा फाल्ने र आवश्यकता अनुसारको रूप दिने कार्य गर्नैपर्छ ।
विगतमा नेपालको लोकतान्त्रिक आन्दोलन, राजनीतिक क्रान्ति, जनताको अधिकार प्राप्तिको आन्दोलन, जनजीविकाको सवालमा विद्यार्थी संगठनले खेलेका भूमिकालाई सबैजसो बौद्धिक वर्गले उच्च मूल्यांकन गरेको यथार्थ हाम्रोसामु छ । युवा विद्यार्थी स्वभावैले परिवर्तन प्रेमी, क्रान्तिकारी, नवीनतम विचारका खोजी गर्ने, अधिकारप्रति सजग र अन्याय अत्याचारप्रति कठोर हुन्छन् ।
विद्यार्थी शिक्षा आर्जनको क्षेत्रमा रहेको हुनाले सही र गलत छुट्याउन सक्ने, गलत विरुद्ध छिटो र चर्को आवाज बुलन्द गर्दै संघर्षको लागि तयार समूह हो । यसैकारणले विगतका राजनीतिक परिवर्तनमा विद्यार्थी आन्दोलनले सिंगो देशको प्रगतिशील आन्दोलनको नेतृत्व गरिरहेको हुन्थ्यो ।
पञ्चायतका समयमा त अझ राजनीतिक दलहरू माथि नै प्रतिबन्ध थियो । त्यसबेला पनि विद्यार्थी संगठनले नै जनतामा राजनीतिक चेतना भर्ने, निर्दलीय पञ्चायतविरुद्ध संघर्षको नेतृत्व गर्ने काम गरे । जसको बल र जगमा देशले बहुदलीय व्यवस्था प्राप्त गऱ्यो । यस्ता सबैजसो राजनीतिक आन्दोलनको प्राप्तिमा विद्यार्थी संगठनको भूमिका महत्वपूर्ण रहेको सबैले स्वीकार्दै आएका छन् र हाम्रो लागि यो गौरवको विषय पनि हो ।
बिद्यार्थी संघसंगठनले सधैं विद्यार्थीको हकमा सौलिहत जस्ता , यातायात भाँडा, ग्याँस तथा पेट्रोलिम पदार्थको मुल्य र अन्य दैनिक उपभोग्य सामानहरू विद्यार्थीलाई शौलियत दरमा उपलब्ध गराउनु पर्छ भनि जोडदार माग गरि विद्यार्थी लाई सौलिहत वातावरण दिएको इतिहास छ ।
त्यसबाहेक, प्रत्येक विद्यार्थीमा देशको समसामयिक राजनीतिक सचेतना आवश्यक छ । र राज्यले प्रत्येक विद्यार्थीको हक अधिकारको सुनिश्चता गर्नुपर्छ र गुणस्तरिय शिक्षामा सबै नेपाली यूवा विद्यार्थीको पहुँच समान रूपमा हुनुपर्छ यस विद्यार्थी केन्द्रित स्ववीयू संगठनको मान्यता हो ।
साथैसाथै, मानव अधिकारको रक्षा, सामाजिक न्याय, लैंङगिक समानता, शुसासन, लोकतान्त्रिक राज्य व्यवस्थाको सवलिकरणको सन्दर्भमा पनि सार्वजनिक रूपमा यस संगठनले वहस पैरवी गर्दै आएको छ ।
त्यसैले, स्वतन्त्र विद्यार्थी युनिएन (स्ववियू) संगठनको समग्र पक्ष र यस सँङ्ठनले शैक्षिक सुधार तथा राजनीतिक सचेतनाको सन्दर्भको पुर्याएको योगदान, विद्यार्थी परिचानल र शसक्तिकरणमा यस विद्यार्थी केन्द्रित शैक्षिक संस्थाले खेलेको भूमिका, यूवा विद्यार्थी नेताको जीवन शैली र स्ववीयू निर्वाचन समयमै हुन नसक्ने कारण र अबको स्ववीयू संगठनको आगामी कार्यदिशा के कस्तो हुनुपर्छ भने बारे आज भोलिको ठुलो बिषय बनेको छ।

**"स्ववियु नहुनुको मेरो दृस्ठिकोण "**

विद्यार्थीहरूको साझा स्वतन्त्र अनि वैधानिक मञ्च स्ववियुको महत्त्वको बारेमा अहिलेका महत्त् वबिहिन बनाई राख्नु । हाम्रा अग्रजहरूले ठूलो बलिदानीपूर्ण सङ्घर्षबाट स्थापित गरेको संस्था आज मृत रुपमा छ । यसले विद्यार्थी सङ्गठनहरूलाई आन्दोलनलाई नपोल्नु बडो दुख लाग्दो विषय हो । आफ्ना कुण्ठा अहङ्कारमा सवार भएर जित्छौं कि जित्दैनौं ? मेरो मान्छे उम्मेदवार हुन्छ कि हुँदैन ? जस्ता नितान्त आत्मकेन्द्रित व्यक्तिगत आग्रह पूर्वाग्रहबाट ग्रसित भएर निर्वाचन स्थगित गरिँदै आएको छ । स्ववियु निर्वाचन हुन नसक्नुको मुख्य दोषी विद्यार्थी आन्दोलन यस सङ्गठनहरू नै हुन् मेरो बिचार मा ,।सम्पुर्ण विद्यार्थी संघसंगठनका स्ववियु चुनाव र आन्दोलन जोगाउन चट्टानी अडानमा खडा हुनुपर्नेछ । त्यसैले यसको रक्षा र विकास पनि हाम्रो प्रमुख दायित्व हुन । विद्यार्थी आन्दोलन बेथिति, विकृति, विसङ्गति देशभक्ति, जनजीविका, राष्ट्रियता, लोकतन्त्र, गणतन्त्रको पक्षमा आगो ओकल्ने र जनताको पक्षमा सरकारलाई काम गर्न विवश तुल्याउने शक्तिशाली आन्दोलनको इतिहास बोकेको साङ्ठन हो । विद्यार्थीहरू सबैभन्दा छिटो तरङ्गित अनि प्रभावित हुन्छन् । प्रचार प्रसार अत्यन्तै छिटो हुन्छ । गलत कुराको प्रतिवाद गर्ने विशेष धातुले बनेका हुन्छन् बिस्तारै बिस्तारै त्यही धातुलाई खियाउने कुचेष्टा हुँदैछ । आज युवाको आवाज उहीँ पुराना नेताहरूले बोलिरहेछन् । वर्तमान विद्यार्थी र नेतामा सम्बन्ध टुटेको छ । नयाँ पुस्ता उत्पादन हुन सकेको छैन । विद्यार्थीबाट स्थापित नेतृत्व मन्त्रीमण्डलमा, पार्टीको नेतृत्वदायी ठाउँमा रहँदा पनि आफू स्थापित भएको आन्दोलनको चटक्कै माया मार्नु दुखद् कुरा हो । विद्यार्थीहरूले हस्तक्षेप गरी आफ्नो पक्षमा क्याम्पस प्रशासन ल्याउने अधिकार भएको हुँदा स्ववियुलाई मृत्युशय् यामा छटपटाउन दिइरहन सकिँदैन । स्ववियु निर्वाचनको ग्यारेन्टी गर्ने, उपयुक्त समयमा निर्वाचन गर्न वातावरण तयार गर्ने पहिलो काम अहिलेको विद्यार्थी संघसंगठनको हो ।
विद्यार्थी आन्दोलनमा निरन्तर विचलन र बिचौलियाको भूमिका देखिन थाले । "मुद्दामामिला मिलाउने र आर्थिक उपार्जन गर्न विद्यार्थी नेता उपयोग हुनु दुर्भाग्य हो ।आफ्नो स्वार्थ नजोडिएको शैक्षिक मुद्दामा विद्यार्थी बोल्दैनन् भन्ने उदाहरण बनेको छ ।
अझ दुःखद घटना त केहि गलत मन्सिकत्तका विद्यार्थी नेताहरू कलेज प्रशासनको मिलोमतोमा चिट चोर्न सहयोग गर्ने, उत्तरपुस्तिका साट्ने, होम सेन्टर पार्ने भूमिकामा संगठनका नेताहरू लाग्छन् भन्ने हला दुःखद हो ।
विद्यार्थी नेताहरू शैक्षिक मुद्दाभन्दा ठेक्कापट्टा, सरुवा बढुवामा बढी चासो दिन्छन् भन्ने कुरा पछिल्ला समाचारले पुष्टि गर्छन् । यो विद्यार्थी संघसंगठनकाको प्रतिस्ठा माथि ठुलो कलङ्क हो।
विद्यार्थी संघसंगठनमा बढ्दो बिकृति र बिसङ्गतिले स्ववियु चुनावको साख गट्दैगैरहेको छ ।
कुनै बेला परिवर्तनका सारथि बनेका विद्यार्थी संगठन भ्रष्टाचार, अराजकता र व्यक्तिगत लाभमा केन्द्रित देख्दा यो गैरवशालि संगठनका कुन दिशामा गइरहेको छ हेर्दा चिन्ता बनेको छ ।
आजका विद्यार्थी नेताहरूले कस्तो जीवनशैली अपनाएका छन् ? उनीहरूको कस्तो आचरण छ ? मातृ सम्बन्ध कस्तो छ ? कस्तो संगतमा विद्यार्थी नेताहरू छन् ? कस्तो लक्ष्य राखेको छ ? समाजमा कस्तो चिनारी बनाएका छन् ? आदि सवाल हामीमाथि कालो प्रश्न र चुनौती बनेका छन् ।
तराइको गौरव त्रिभुवन बिश्वबिद्धालय भन्दा जेठो ठाकुर राम बहुमुखी क्याम्पसमा पनि बिबेधकारि शिक्षा प्रणाली देख्दा स्ववियु चुनावको ठुलो आवश्यकता देखिन्छ ।
नेपालको महत्त्वपूर्ण त्रिभुवन विश्वविद्यालयका करिब ६० वटा आङ्गिक क्याम्पस छन् जसलाई पूर्णतया सरकारी क्याम्पस मानिन्छ । तिनै क्याम्पसबाट पनि दुईथरी विद्यार्थी उत्पादन भइरहेका छन् । देशको त्रिभुवन विश्वबिधालय भन्दा जेठो ठाकुर राम बहुमुखी क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट - बाँकी पृष्ठ ६ मा

# नारायणी नदी क्षेत्रमा ४३ प्रजातिका चरा भेटिए



मध्यबिन्दु, २७ पुस
यस वर्षको जलपक्षी गणनाका क्रममा नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)मा ४३ प्रजातिका चरा भेटिएका छन् । चितवन राष्ट्रिय निकुञ्ज पश्चिम सेक्टरका पक्षी गणना संयोजक डिबी चौधरीले यस वर्ष नवलपुर क्षेत्रमा ४३ प्रजातिका चरा भेटिएको जानकारी दिए ।

"गत वर्षको पक्षी गणनामा ३८ प्रजातिका पक्षी भेटिएका थिए, यसपालिको गणनामा नारायणी नदी क्षेत्रमा ४३ प्रजातिका पक्षी भेटिए", उनले भने ।

चरा गणनाका क्रममा अहिलेसम्म नारायणी क्षेत्रमा नभेटिएको 'राज सुड सुडिया' नामको पक्षी पनि अहिले भेटिएको चौधरीले बताए ।

गतवर्ष नदेखिएका विभिन्न चार प्रजातिका चरा यसवर्ष देखा परेको संयोजक चौधरीले बताए । "यस वर्षको गणनामा जुरे हुटिट्याउ, बेल्चा ठुडे हाँस, जुरे हाँस र लाल खुट्टे टिम टिया प्रजातिका चरा फेला पारेका छन", उनले भने , "चितवन राष्ट्रिय निकुञ्जको नवलपुर क्षेत्रमा गत वर्ष यी प्रजातिका चरा गणना भएका थिएनन् ।"

नेपालको जल क्षेत्रमा एक सय ६२ प्रजातीका चरा पाइने गरेका छन् । ती मध्ये नारायणी नदी क्षेत्रमा यसवर्ष उक्त प्रजाती फेला परेको जनाइएको छ । नवलपुरतर्फको चितवन राष्ट्रिय निकुञ्ज र नारायणी नदी तथा सिमसार क्षेत्रमा चार समूह बनाएर चरा गणना गरिएको थियो । सिघ्रौलीदेखि अमलटारी, सिघ्रौलीदेखि पिठौली, पिठौलीदेखि अमलटारी र अमलटारीदेखि त्रिवेणी गण्डक ब्यारेजसम्म गरी चार समूहमा चरा गणना गरिएको हो । गत वर्षको तुलनामा यसवर्ष चराको समग्र संख्या घटेको प्रारम्भिक अनुमान गरिएको छ ।

"यस वर्ष पनि समग्रमा चराको संख्या घटेको पायौँ", चौधरीले भने "प्रत्येक वर्ष नेपालमा क्रमिक रुपमा चराको संख्या घटिरहेको छ ।" साइबेरियालगायत उत्तरी गोलार्धबाट चिसो छल्न यहाँ आउने पाहुना चरामध्ये यस वर्ष सबैभन्दा धेरै संख्यामा खोया हाँस देखिएका उनले बताए ।

"कुनै प्रजातिका चरा गत वर्षभन्दा बढी र कुनै प्रजातिका चरा गत वर्षको तुलनामा न्यून देखिएका छन", "चौधरीले भने , "यस क्षेत्रमा चखेवा, खोया हाँस, जलेवा र पानी गौथली चरा धेरै पाइने गरेका छन् ।" निकुञ्जसहित नारायणी नदी र सिमसारमा पाइने रैथाने चराको संख्यामा भने खासै फरक नदेखिए पनि आगन्तुक चराको संख्यामा धेरै नै कमी आएको चौधरीले बताए ।
रासस

# इन्भेष्टमेन्ट र मेगा बैंकको एकीकृत कारोबार सुरु

काठमाडौँ, २७ पुस
नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंक लिमिटेड एकापसमा गाभिएसँगै आजदेखि 'नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड'का नाममा एकीकृत कारोबार सुरु गरेका छन् ।

काठमाडौँमा बुधवार आयोजित एक कार्यक्रममा नेपाल इन्भेष्टमेन्ट बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे र मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले संयुक्त रुपमा एकीकृत कारोबार सुरु भएको घोषणा गरे ।

दुई बैंक गाभिएर बनेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको चुक्ता पुँजी रु ३४ अर्ब १२ करोड, कुल सम्पत्ति रु चार खर्ब ७१ अर्ब र कूल पुँजी रु ५८ अर्ब पुगेको छ । त्यस्तै कूल निक्षेप रु तीन खर्ब ६० अर्ब र कूल कर्जा रु तीन खर्ब २९ अर्ब रहेको बैंकले जनाएको छ । मर्जरपछि यो बैंकको शाखा सञ्जाल दुई सय ९६, एक्सटेन्सन काउन्टर ५९, एटिएम दुई सय ७९ र ग्राहक स८्या ३० लाखभन्दा बढी रहेको अन्य बैंकलाई पनि मर्जरका लागि प्रेरित गरेको बताए ।

त्यसैगरी मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले यो मर्जर देशको बैंकिङ क्षेत्र र अर्थतन्त्रका लागि सुखद एवं सकारात्मक कदम भएको बताए । मर्जरपछि दुवै बैंकका असल परम्परा, ग्राहकको सेवा, कर्मचारी व्यवस्थापन जस्ता सकारात्मक पक्षलाई अङ्गिकार गर्नुका साथै शेयरधनीलाई प्रतिफलमा न्यायोचित वृद्धि गर्दै जाने उनको भनाइ छ ।

नियामक निकाय नेपाल राष्ट्र बैंकले लिएको नीतिअनुसार पछिल्लो समय बैंक तथा वित्तीय एकापसमा गाभ्ने/गाभिने र प्राप्ति प्रक्रियामा गइरहेका छन् । चालु आर्थिक वर्षको पुसमा मात्र आठ वाणिज्य बैंक एकापसमा मर्जर तथा प्राप्ति प्रक्रियामा गएर चार कायम भएका छन् ।

यसअघि प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरी




पनि बैंकले जनाएको छ ।


दुई बैंकबीच शेयर स्वाप अनुपात १००:९० रहने गरी मर्जर सम्झौता भएको थियो । नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको अध्यक्षमा साविक इन्भेष्टमेन्ट बैंकका अध्यक्ष पाँडे र प्रमुख कार्यकारी अधिकृतमा ज्योतिप्रकाश पाण्डे रहेका छन । नयाँ सञ्चालक समितिमा दुवै बैंकका सञ्चालकको प्रतिनिधित्व रहने छ । त्यसमा इन्भेष्टमेन्ट बैंकका तर्फबाट प्रजन्य राजभण्डारी र कविकुमार टिब्रेवाला तथा मेगा बैंकका तर्फबाट गोपाल खनाल, मदनकुमार आचार्य र मुक्तिराम पाण्डे रहेका छन ।

त्यसैगरी साविक नेपाल इन्भेष्टमेन्ट बैंकमा स्वतन्त्र सञ्चालकका रुपमा रहेका मञ्जु बस्नेत अब बन्ने सञ्चालक समितिमा पनि स्वतन्त्र सञ्चालकका रुपमा रहनेछ । एकीकृत कारोबार शुभारम्भ कार्यक्रममा बैंकका अध्यक्ष पाँडेले यो मर्जरले वित्तीय क्षेत्रमा थप ऊर्जा प्रदान गर्नुका साथै नेपाल राष्ट्र बैंकको मर्जर नीतिलाई थप उत्साह प्रदान गरी मङ्गलबारदेखि प्रभु बैंक लिमिटेडका नामबाट एकीकृत कारोबार शुरु गरिसकेको छ । ग्लोबल आईएमई बैंक र बैंक अफ काठमाण्डू एकापसमा गाभिएर 'ग्लोबल आईएमई बैंक लिमिटेड' का नामबाट सोमबारदेखि एकीकृत कारोबार थालेका थिए । त्यस्तै कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्स (एनसीसी) बैंक एकापसमा गाभिएर 'कुमारी बैंक लिमिटेड' का नामबाट पुस १७ गतेदेखि एकीकृत कारोबार शुरु गरेका थिए ।

हिमालयन बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्तिका लागि सहमति गरिसकेको भए पनि एकीकृत कारोबार भने शुरु भइसकेको छैन । दुवै बैंकले पुस २८ गतेका लागि वार्षिक साधारण सभा बोलाएका छन् ।

आगामी माघ महिनाभित्रै एकीकृत कारोबार गर्ने यी बैंकको तयारी छ । त्यस्तै लक्ष्मी बैंक र सनराइज बैंकले पनि एकापसमा मर्जरमा जाने सम्झौता गरिसकेका छन् ।रासस

# दोब्बर मूल्य पार्न सुन्तलाको भण्डारण



गलकोट, २७ पुस
यस वर्ष सिगानाको विद्युतीय शीत भण्डारणमा १८ टन सुन्तला राखिएको छ । बागलुङ नगरपालिका-८ सिगानाका रामबहादुर खड्काले बेमौसममा सुन्तला बिक्रीका लागि शीत भण्डारण गृहमा १८ टन सुन्तला राखेका छन ।

सुन्तला गाउँका रुपमा परिचित सिगानामा यस वर्ष रु तीन करोड सुन्तला उत्पादन भएको । सिगानामा उत्पादन भएको सुन्तलामध्ये १८ टन सुन्तला विद्युतीय शीत भण्डारण गहमा राखिएको छ भने आठ टन सुन्तला प्राकृतिक शीत भण्डारण गृहमा राखिएको छ ।

सिगानामा अहिले विद्युतीय र प्राकृतिक गरी तीनवटा शीत भण्डारण गृह रहेका छन् । पुसको अन्तिममा राखिएका सुन्तला फागुन-चैतमा दोब्बर मूल्य पार्नका लागि सुरक्षित भण्डारण गरिएको सुन्तला किसान रामबहादुर खड्काले बताए । उनले भने ,"अहिले सिगानाका सुन्तला होलसेल मूल्य प्रतिकेजी रु ६० मा बिक्री हुन्छ, शीत भण्डारण गृहमा राखिएका सुन्तला फागुनमा मात्रै बिक्री गरिन्छ, त्यस समयमा प्रतिकेजी रु एक सय ५० होलसेल र एक सय ८० खुद्रा मूल्यमा बिक्री हुन्छ ।"

मौसमअनुसार कृषि उपज उत्पादन गर्ने कृषकले बजार मूल्य नपाउँदा यहाँका किसानहरुले शीत भण्डारणमा राखेका सुन्तला बेमौसममा बिक्री गर्ने गरिएका छन् । सिगानामा हाल दुई परम्परागत र एक आधुनिक सुन्तला भण्डारण गृह छन् । पाँच वर्षदेखि परम्परागत शीत भण्डारण गृहमा सुन्तला राखेर बेमौसममा महँगो मूल्यमा सुन्तला बिक्रीवितरण गर्दै आएको सुन्तला किसान टोपबहादुर खड्काले बताए । "शीत भण्डारण गृहको छेउमा पानीको सिँचाइ गरिन्छ, र बीचमा सुन्तला राखिन्छ, सुन्तलाको तापक्रम समय-समयमा परीक्षण गरिन्छ", खड्काले भने , "अहिले सुन्तलाको खासै राम्रो मूल्य छैन, भण्डारण गृहमा राखिएका सुन्तलाको दोब्बर मूल्य पर्दछ ।"

सुन्तलाको याममा सुन्तलाको मूल्यमा तीव्र प्रतिस्पर्धा हुने भएकाले बेमौसममा सुन्तलाको मूल्य बढी पार्नका लागि शीत भण्डारण गृह उपयोगी देखिएको सिगानाका किसानहरुले बताएका छन् । सुन्तलाको सुरक्षित भण्डारणका लागि गण्डकी प्रदेश सरकारले २० टन क्षमताको विद्युतीयबाट चल्ने सुन्तला चिस्यान केन्द्र (कोल्ड रुम) निर्माण गरेपछि चार वर्षअघि निर्माण गरेको हो । गण्डकी प्रदेश सरकारले सिगानामा क्रियाशील गणेश व्यावसायिक कृषि सहकारीमार्फत रु ३० लाखको लागतमा सुन्तला चिस्यान केन्द्र निर्माण गरेको थियो ।

यस्तै तत्कालीन कृषि विकास मन्त्रालयको व्यावसायिक कृषि तथा व्यापार आयोजनाअन्तर्गतको व्यावसायिक सुन्तला उत्पादन सङ्कलन तथा भण्डारण उपआयोजना (प्याक्ट) कार्यक्रमले प्रदान गरेको रु १० लाख अनुदानमा २०७४ सालमा निर्माण गरिएको परम्परागत भण्डारणगृहमा अहिले सुन्तला राखिएको हो । यहाँका कृषकले सुन्तलाको ग्रेडिङसमेत गर्दै आएका छन् । सुन्तलालाई तीन श्रेणीमा ग्रेडिङ गरिन्छ । पहिलो श्रेणीको सुन्तलाको बजार मूल्य निकै महँगो हुने गर्दछ । परम्परागत चिस्यान केन्द्र शीत भण्डारण गृहमा माटो, बालुवा तथा गिट्टीको सम्मिश्रणमा ढुङ्गाको गाह्रो निर्माण गरिएको हुन्छ भने आधुनिक चिस्यान केन्द्र विद्युत्बाट सञ्चालन हुन्छ । दुवै प्रकारका भण्डारण गृहमा चार महिनासम्म सुन्तला सुरक्षित गर्न सकिने सुन्तला किसान लोकबहादुर थापाले बताए ।

यस्तै सुन्तलाको राम्रो उत्पादन हुने बिहुँमा समेत गत वर्षदेखि विद्युतीय भण्डारण गृह निर्माण गरेर महङ्गो मूल्यमा सुन्तला बिक्री गर्दै आएका छन् । सिगानासँगै बिहुँ, तित्याङ, भकुण्डे, लेखानी, सर्कुवा र दमेकलगायत ठाउँ सुन्तला खेतीका लागि उर्वर मानिन्छन् ।

जिल्लामा करिब पाँच हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको यस वर्ष बागलुङमा २४ करोडको सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिए । रासस

# पेट्रोलियम पाइपलाइन सम्भाव्यता अध्ययन हुने



नयाँदिल्ली, २७ पुस
नेपालमा विद्युतीय प्रसारण लाइन विस्तार, कृषिमा उन्नत प्रविधिको प्रयोग र पेट्रोलिम पदार्थको पाइपलाइन विस्तारलगायतका क्षेत्रमा भारतीय सहयोगका लागि दुई देशबीच विभिन्न संयन्त्रका माध्यमबाट छलफल भइरहेको छ । भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्माले नेपालबाट चार सय ५० मेगावाट बिजुली भारतमा निर्यातका लागि आवश्यकपर्ने प्रसारण लाइनको विस्तार गर्न भारत सकारात्मक रहेको र नेपालमा उन्नत (हाइब्रिट) जातका पशु लगेर व्यावसायिक पशुपालन बढाउन छलफल भइरहेको बताए ।

भारतको ग्रेटर नोइडास्थित गौतमबुद्ध विश्वविद्यालयमा जारी सार्क पत्रकार मञ्च (एसजेएफ) को अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी नेपाली पत्रकारको प्रतिनिधिमण्डलसँग नयाँदिल्लीस्थित दूतावासको कार्यालयमा कुराकानी गर्दै राजदूत डा शर्माले अमलेखगञ्जबाट चितवन हुँदै झापासम्म पेट्रोलियम पदार्थको पाइपलाइन विस्तारका लागि सम्भाव्यता अध्ययन हुने जनाए ।

उनले नेपालले माग गरेअनुसार हवाई रूट थपका लागि दई देशबीचको प्राविधिक समूहको बैठक हुनुपर्ने र लामो समयदेखि थन्किएका मुद्दाको समाधानका लागि उच्चस्तरीय भ्रमणको आदानप्रदान र संवाद हुनुपर्ने बताए ।


सो अवसरमा मञ्चका नेपाल शाखा संयोजक प्रकाश सिलवालले "राष्ट्र निर्माणमा पत्रकारको भूमिका" विषयक उक्त अन्तर्राष्ट्रिय सम्मेलनका विषयवस्तुबारे अवगत गराएका थिए ।रासस

# सड्ने अवस्थामा चालिस हजार किलोग्राम बढी रक्तचन्दन

चैतारा, २७ पुस
स्पष्ट कानुन नहुँदा विभिन्न समय र स्थानबाट प्रहरीले बरामद गरेको करिब ४० हजार किलोभन्दा बढी रक्तचन्दन सिन्धुपाल्चोकमा अलपत्र परेको छ । लुकाई छिपाई चीनको खासा लैजाँदै गरेको अवस्थामा दसकौँदेखि प्रहरीले बरामद गरेको रक्तचन्दन लिलामी वा फिर्ता हुन नसकेकाले अलपत्र भएको हो ।

पटक-पटक गरी बरामद गरिएको यो परिमाणको रक्तचन्दन स्पष्ट कानुन नहुँदा के गर्ने भन्ने अन्योलका कारण सडेर खेर जाने अवस्थामा पुगेको छ । बरामद गरिएको रक्तचन्दन साबिक जिल्ला वन कार्यालयले संरक्षण गर्नुपर्ने भए पनि जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा राखिएको छ । वन परिसरमा स्थान अभाव तथा हेरालु नहुँदा संरक्षण र सुरक्षाका लागि प्रहरीलाई जिम्मा दिइएको सहायक जिल्ला वन अधिकृत कृष्णबहादुर थापाले जानकारी दिए ।

तस्करहरुले अवैधरुपमा लुकाईछिपाई चीनको खासा लैजाँदै गरेको अवस्थामा प्रहरीले यो परिमाणको रक्तचन्दन बरामद गरेको थियो । रक्तचन्दनबारे अझैसम्म पनि सम्बद्ध निकायले ठोस निर्णय नगरेकाले यस्तो अवस्थामा पुगेको हो । "यसबारे विभाग वा मन्त्रालयले निर्णय गर्नुपर्छ । हामीलाई अधिकार छैन", उनले भने , "बरामद गरिएका रक्तचन्दन संरक्षण गरिराख्नु भन्ने



माथिबाट निर्देशन भएकाले हामीले संरक्षण मात्र गरिरहेका हौँ ।" रक्तचन्दन वनको स्वामित्वमा भए पनि ठाउँ अभावका कारण प्रशासन प्राङ्गणमा राखिएको छ । साबिक वन विभागले अहिले बरामद रक्तचन्दनको अवस्थाबारे लेखेर पठाउन जिल्ला वन कार्यालयलाई निर्देशन दिएकामा पत्र आएपछि यहाँ भएका रक्तचन्दनको अवस्थाबारे जानकारी गराइएको सहायक वन अधिकृत थापाले बताए ।

यसअघि उक्त कार्यालयले व्यवस्थापनका लागि वन विभागलाई पत्राचार गरे पनि विभाग मौन थियो । अर्बौं मूल्य बराबरको रक्तचन्दन वन कार्यालयले प्रहरीलाई आधिकारिक पत्रसहित सुरक्षाका लागि जिम्मा दिएको हो ।

वन कार्यालयमा सशस्त्र वनरक्षक नभएको र सुरक्षामा कमजोरी रहेकाले रक्षाका लागि प्रहरीलाई जिम्मा दिइएको उहाँको भनाइ थियो । साइटिस सन्धिले ओसार पसारमा रोक लगाएको रक्तचन्दन गैरकानुनी रुपमा आएकाले प्रहरीले बरामद गर्दै आएको छ ।

साइटिस-२ को सूचीमा रहेको रक्तचन्दन आयात गर्ने र निर्यात गर्ने मुलुकबीच सम्झौता भयो भने ओसारपसार गर्न पाइँछ तर तेस्रो राष्ट्रको बाटो भई जाने भएमा ती राष्ट्रबीचसम्झौता हुनुपर्छ । यहाँ बरामद गरिएका रक्तचन्दन भारतबाट लुकाईछिपाई चीन लैजाने गरिएका छन् ।

ओसारपसारमा कुनै सम्झौता नभएकाले रक्तचन्दन नेपालमा बरामद गर्ने गरिएको हो । साइटिस-१ को सूचीमा रहेको कुनै पनि वनस्पति तथा वन्यजन्तुका अङ्गहरु भने कुनै पनि मुलुकले बिक्रीवितरण तथा कतै ओसार पसार गर्न नपाउने साइटिसको प्रावधान छ ।

प्रशासनको परिसरमा रहेको रक्तचन्दनको जिम्मेवारी तथा सुरक्षा प्रहरीले गर्ने गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक शिवकुमार बुढाथोकीले जानकारी दिनुभयो प्रशासन कार्यालयको प्राङ्गणमा ६२ सालदेखि बरामद गरिएका रक्तचन्दन छन् ।


त्यसबेला बाह्रबिसे प्रहरीले बरामद गरेको सात हजार आठ सय किलो, ०६४ सालमा जिल्ला प्रहरी कार्यालयले बरामद गरेको छ हजार छ सय किलो, ०६४ सालमै मा विशेष अनुगमन टोलीले बरामद गरेको आठ हजार दुई सय किलोलगायत रक्तचन्दन छन् ।

प्रहरीका अनुसार अरनिको राजमार्गमा रहेका विभिन्न प्रहरी चौकीले गरेको नियमित जाँचका क्रममा बढी रक्तचन्दन बरामद गरिएको थियो। बेबारिसे अवस्थामा रहेर बरामद गरिएका केही रक्तचन्दन पनि प्रशासन कार्यालयको प्राङ्गणमा रहेको छ । रासस

# मन्त्रीहरुको यस्तो छ भागबण्डा

मधेशदृष्टि
काठमाडौं, २७ पुस । सत्ता साझेदार दलहरुबीच मन्त्रालयको संख्या र विभाग बाँडफाँटको लागि अनौपचारिक छलफल पनि भइरहेको छ । शीर्ष तहमा मन्त्रालयको संख्या र त्यसको बाँडफाँटबारे अनौपचारिक छलफल भए पनि त्यसमा औपचारिक एजेण्डा बनाएर कुरा नभएको राप्रपाका महामन्त्री डा.धवल शम्सेर जबराले बताएका छन् । केही राज्यमन्त्रीसहित २५ जनाको मन्त्रिपरिषदले ढिलोमा शुक्रवारसम्म पूर्णता पाउने नेताहरुले बताएका छन् । सत्ता साझेदार दलहरुमध्ये ७९ सीट बोकेको सबैभन्दा ठूलो दल नेकपा एमालेले १० वटा मन्त्रालय राख्न चाहेको छ । तर सात दलबीच बाँडफाँट गर्दा ९ वटामा चित्त बुझाउने अवस्था छ । एमालेबाट उपप्रधानमन्त्री तथा अर्थमन्त्रीसहित हाल चार जना मन्त्री सरकारमा छन् । मन्त्रालय बाँडफाँट नभएकाले ज्वाला कुमारी साह, राजेन्द्र राई र दामोदर भण्डारी अहिले बिना विभागीय छन् । उनीहबाहेक अब एमालेबाट बढीमा ५ जना मन्त्री थपिनेछन् । सत्ता साझेदारमध्ये ३२ सीट बोकेको दोस्रो ठूलो दल माओवादीबाट प्रधानमन्त्रीसहित बढीमा ६ जना हुनेछन् । अहिले प्रधानमन्त्री पुष्पकमल दाहालको क्याबिनेटमा उपप्रधानमन्त्री तथा भौतिक पुर्वाधार मन्त्री नारायणकाजी श्रेष्ठ छन् । अब माओवादीबाट बढीमा ४ जना मन्त्री थपिनेछन् । साझेदार दलहरुमा भागबण्डा गर्दा माओवादीले थप ३ जनामा चित्त बुझाउनुपर्ने पनि हुनसक्छ । त्यस्तै, सत्ता साझेदारमध्ये तेस्रो ठूलो दल २० सीट बोकेको रास्वपाले ४ वटा मन्त्री पाउनेछ ।

# सांसद महतोलाई पक्राउ गर्न गृहमन्त्री लामिछानेको निर्देशन





मधेशदृष्टि
जनकपुरधाम, २७ पुस । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले नेकपा एमालेबाट निर्वाचित सांसद लक्ष्मी महतोलाई पक्राउ गर्न प्रहरीलाई निर्देशन दिएका छन । बुधबार राष्ट्रिय प्रजातन्त्र पार्टीले आयोजना गरेको चियापान कार्यक्रममा पत्रकारहरुले सोधेको प्रश्नको जवाफ दिँदै उनले फौजदारी मुद्दाका आरोपी सांसद महतोलाई पक्राउ गर्न प्रहरीलाई निर्देशन दिइसकेको बताए । मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिँदा सांसद महतो प्रतिनिधिसभा बैठकमा सहभागी भइ प्रधानमन्त्रीको पक्षमा मत दिएका थिए । बुधबार पत्रकारहरुले गृहमन्त्री लामिछानेलाई फरार अभियुक्त संसदमै उपस्थित हुँदा पनि किन पक्राउ गर्न सक्नुभएन भनी प्रश्न गरेका थिए । जवाफमा उनले भने, “मैले देखिन, पछि सञ्चार माध्यमबाट थाहा पाएपछि आईजीपीलाई फोन गरेर पक्राउ गर्न निर्देशन दिइसकेको छु ।’ मधेश आन्दोलनका क्रममा असई थमन विकलाई घाइते अवस्थामा एम्बुलेन्सबाट निकालेर हत्या गरेको घटनामा सांसद महतो पनि आरोपित छन् ।

# लालबन्दीमा स्याहारकर्ता प्रशिक्षण कार्यक्रम सुरु

मधेशदृष्टि
सर्लाही, २७ पुस । सर्लाहीको लालबन्दी नगरपालिकामा स्याहारकर्ता प्रशिक्षण कार्यक्रम सुरु भएको छ ।नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय जेष्ठ नागरिक महासंघको संयुक्त आयोजना तथा छत्र प्रधानको अध्यक्षतामा प्रशिक्षण कार्यक्रमको उदघाटन गरिएको थियो ।वृद्ध अवस्था व्यवस्थापनको लागि वृद्ध (ज्येष्ठ नागरिक ) स्याहार- सुसार के कसरी गर्न सकिने विषयमा प्रशिक्षण गरिने आयोजक संस्थाले जनाएको छ ।प्रशिक्षण कार्यक्रम बुधबार बाट सुरु भइ शुक्रवार समापन गरिने आयोजक संस्थाले जनाएको छ। प्रमुख अतिथि लालबन्दी नगर प्रमुख वासुदेव अधिकारीले ज्येष्ठ नागरिक प्रति नगरपालिका गम्भीर भएको बताए । उनले नगरपालिकाले चालु आवमै ज्येष्ठ नागरिकका लागि कार्यक्रम राखेको बताए ।कार्यक्रममा सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम, जिल्ला प्रहरी कार्यलय सर्लाहीका प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदी, राष्ट्रिय जेष्ठ नागरिक महासंघका केन्द्रीय उपाध्यक्ष सारदा चन्द, ईलाका प्रहरी कार्यलय लालबन्दीका प्रमुख लगायत विभिन्न व्यक्तिको उपस्थिति रहेको थियो ।




## मेयर र उपमेयरको पुत्ला ..........

जलाएका छन् । नेपाल सरकारद्वारा ज्येष्ठ नागरिकहरूलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता नगरपालिकाले ६/७ महिनादेखि उपलब्ध नगराएकोले उनीहरू बाध्य भएर आन्दोलनमा उत्रेका हुन ।
स्थानीय भोला दासको अध्यक्षतामा ज्येष्ठ नागरिक संघर्ष समिति गठन गरी पुस २४ गते आइतबारेदेखि ज्येष्ठ नागरिकहरू आन्दोलित भएका छन् । संघर्ष समितिले ज्येष्ठ नागरिकहरूलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता नगराइन नगरपालिकाले अझै उपलब्ध नगराएकोले बाध्य भएर आन्दोलनमा उत्रेको समितिका उपाध्यक्ष जागेश्वर सादाले बताएका छन् ।
ज्येष्ठ नागरिकहरू ९ सदस्यीय ज्येष्ठ नागरिक संघर्ष समिति गठन गरी आन्दोलित थालेका हुन् । मेयर विनय यादव र उपमेयर राधा देवीको आन्तरिक विवादका कारण सो नगरपालिकाको स्वास्थ्य र शैक्षिक संस्था सहित कार्यालय समेतको कामकाज पुर्ण रुपमा छन् । शिक्षक र स्वास्थ्यकर्मीहरु समेत आन्दोलनरत छन् ।

## वन तथा निकुञ्जको कारण ..........

छैन । सो क्षेत्रमा आयोजनाको काम अगाडि बढ्न नसक्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न नहुने अवस्था भएको छ ।
कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी तराई-मधेशका जनताको जीवनस्तर उकास्ने उद्देश्यसहित सरकारले हुलाकी राजमार्गलाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेर काम अगाडि बढाएको थियो । तर वन र निकुञ्ज क्षेत्रमा सम्बन्धित निकायले काम गर्न अनुमति नदिँदा निर्धारित समयमा काम सम्पन्न हुन नसक्ने हुलाकी सडक निर्देशनालयको भनाइ छ ।
निर्देशनालयका प्रमुख धर्मेन्द्र झाले सम्बन्धित निकायले काम गर्ने अनुमति नदिँदा आयोजनाको काम अपेक्षित रूपमा अगाडि बढ्न नसकेको बताएका छन । उनले भने काम गर्न अनुमति नपाउँदा वन तथा निकुञ्ज क्षेत्रको २५० किलोमिटर क्षेत्रमा काम अगाडि बढाउन सकिएको छैन। जसले गर्दा निर्धारित समयमा आयोजनाको काम सम्पन्न हुने अवस्था छैन ।
सरकारले आर्थिक वर्ष २०७९/८० सम्ममा यस राजमार्गको निर्माण कार्य सम्पन्न गर्ने निर्धारित समय तय गरेको छ। अब आर्थिक वर्ष २०८२/८३ सम्म आयोजनाको म्याद थप गरी सो अवधिमा काम सम्पन्न गरिने उनको भनाइ छ। आयोजनाको अहिलेसम्मको भौतिक प्रगति ८२.५ प्रतिशत छ ।
अनुमतिको अभावमा प्रदेश १ र मधेश प्रदेश बाहेकका प्रदेशमा निकुञ्ज र वनजङ्गल क्षेत्रमा यो राजमार्ग निर्माणका लागि रेखाङ्कन गर्न बाँकी नै रहेको निर्देशनालय प्रमुख झाले बताएका छन् । उनका अनुसार पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज (पूर्वी नवलपरासीसम्म), कपिलवस्तु र दाङ जिल्लामा पर्ने वनजङ्गल क्षेत्र, दाङ र बाँकेमा पर्ने वनजङ्गल क्षेत्र, कैलाली र कञ्चनपुरमा पर्ने शुक्लाफाँटा वन्यजन्तु निकुञ्ज क्षेत्रमा अझै पनि यो राजमार्गको रेखांकन हुन सकेको छैन । पूर्व-पश्चिम र उत्तर-दक्षिण गरी कुल एक हजार ८५७ किलोमिटर सडक निर्माण गर्नुपर्नेमा अहिलेसम्म कुल ९५० किलोमिटर सडकमा कालोपत्रेको काम सम्पन्न भइसकेको छ भने पाँच सय किलोमिटरको ठेक्का दिने कार्य सम्पन्न भई निर्माण कार्य भइरहेको सो आयोजनाले जनाएको छ ।
बाँकीको निर्माण ठेक्का लाग्न सकेको छैन । यस आयोजना अन्तर्गत पूर्व-पश्चिम ९४५ किलोमिटर र उत्तर-दक्षिण ९१२ किलोमिटर सडकको लम्बाइ रहेको छ ।
हुलाकी सडक आयोजनाअन्तर्गत सानाठूला गरी कुल २५० वटा पुल निर्माण गर्नुपर्नेमा अहिलेसम्म १३५ वटाको निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् भने ६५ वटा पुल निर्माणाधीन छन् । बाँकी ५० वटाको निर्माण ठेक्का लाग्न बाँकी रहेको निर्देशनालयले जनाएको छ ।
आर्थिक वर्ष २०७४/०७५ सम्म सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यसहित राष्ट्रिय गौरवका आयोजनामा समेत सूचीकृत यस राजमार्गको निर्माण कार्य आर्थिक वर्ष २०६३/०६४ मा सुरु गरिएको थियो । अहिलेसम्म यो राजमार्ग निर्माण शीर्षकमा भारत सरकारको छ अर्ब ३५ करोड रुपियाँ अनुदानसहित जम्मा ४६ अर्ब २८ करोड रुपियाँ विनियोजन भएकोमा अहिलेसम्मको कुल खर्च ५४ अर्ब रुपियाँ रहेको आयोजना प्रमुख झाले जानकारी दिए । चालू आर्थिक वर्ष २०७९/०८० मा यस आयोजनाका लागि छ अर्ब ७२ करोड रुपियाँ विनियोजन गरिएको छ ।
पहिलो चरणमा यस राजमार्गको ६०७ किलोमिटर सडक निर्माणका लागि २७ जुन २००६ मा नेपाल र भारतबीच समझदारी-पत्र (एमओयू)मा हस्ताक्षर भएको थियो ।
समझदारी-पत्रमा नेपाल सरकारकातर्फबाट तत्कालीन परराष्ट्र सचिव भोजराज घिमिरे र नेपालका लागि भारतका तत्कालीन राजदूत शिवशङ्कर मुखर्जीले हस्ताक्षर गरेको थियो ।
दोस्रो चरणको सडक निर्माणका लागि १५ जनवरी २०१० मा नेपाल र भारतबीच समझदारी-पत्र (एमओयू)मा हस्ताक्षर भएको थियो । समझदारी-पत्रमा नेपाल सरकारका तत्कालीन परराष्ट्रमन्त्री सुजाता कोइराला र भारतका तत्कालीन विदेशमन्त्री एम कृष्णामूर्तिले हस्ताक्षर गरेका थिए ।

## विश्वासको मत : अविश्वासको ..........

राजनीतिको छोटो समयमा धेरै थोक भइरहेको छ । विरोधी कित्तामा बस्नुपर्नेहरु लाम लागेर विश्वासको मत दिन उत्साही हुनुले राजनीति धमिल्लिइरहेको अनुभव हुन्छ ।
जे होस विश्वासको मत पाएपछि संभवत पुष्पकमल दुई वर्षका लागि ढुक्क भएका छन् । संविधानमा एक पटक विश्वासको मत प्राप्त गरेपछि दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउँन नपाइने गैर संसदीय प्रावधान राखिएको छ । अहिले एमालेको समर्थनमा प्रधानमन्त्री बनेका पुष्पकमल दुई वर्षपछि ओलीलाई लात हान्दै शेरबहादुरको समर्थनमा सिंहदरबारबाट शासन गर्नसक्छन । अहिलेसम्मका अभ्यासबाट के देखिन्छ भने आलोपालो प्रधानमन्त्री पदका सहमति उल्लघन हुँदै आएका छन् । सहतमा छरस्पष्ट भएको छ पदमा बसेकाहरु इमान्दार हुन सकेनन् । यो रोग आगामि दिनमा त्यत्तिकै निदान हुन्छ भनेर के ग्यारेण्टी ?
ओलीको मुभमा देउवा अर्घेलो बनेको अहिले अवस्थामा राजनीतिमा अविश्वासको बाँदल छाएको छ ।यो बाँदल चाडै सफा हुन्छ वा राष्ट्रपति चुनाव पछि अझ बाक्लिदै जान्छ ? समयक्रममा खुल्दै जाने छ। कांग्रेसजन २०५१ सालमा त्यसबेलाको एमाले अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारलाई विश्वासको मत दिएको दलिल पेश गर्देछन्। अधिकारीलाई विश्वासको मत दिएको गौरवमा साथ बताउने कांग्रेसले किन सरकार बनेको ९ महिनामै अविश्वासको प्रस्ताव ल्याएका हुन ? अधिकारीले गरेको मध्यावधी चुनावको घोषणा सर्वोच्च अदालतको भदौ १२ को फैसलाले उल्टाइदिएको थियो ।र, अधिकारी पछि देउवाको नायकत्वमा बनेको सरकार र त्यसपछिका सरकार बनाउने र गिराउने खेलमा के कस्ता गैर संसदीय राजनीतिक अभ्यास भए त्यसको पनि हेक्का राख्नुपर्दछ कांग्रेसका जिम्मेवारहरुले । त्यसै बेलाको राजनीतिक अभ्यासको मूल्यमा अहिलेको संविधानमा प्रधानमन्त्रीलाई संसदले केही गर्ननसक्ने बनाइयो । त्यसबेलाको संविधान र अहिलेको संविधानमा आमुल भिन्नता छन् ।
संसदीय राजनीतिक प्रणालीको कुरा गर्दा अहिलेको संविधान भन्दा २०४७ को संविधानले संसदीय प्रणालीलाई आत्मसात गरेको थियो । त्यो बेला प्रधानमन्त्रीले चाहेको बेला मध्यावधीमा जानसक्ने अधिकार प्रधानमन्त्रीलाई थियो भने संसदले जुनसुकै बेला अविश्वासको प्रस्ताव ल्याएर सरकार माथि नियन्त्रण राख्नसक्दथ्यो ।
मनमोहन अधिकारीले उनी माथि अविश्वासको प्रस्ताव आइसकेपछि मध्यावधी चुनावको घोषणा गरेकोलेनै अदालतले गैर संविधानिक ठहर गरेको हो । प्रधानमन्त्रीले संसद विघटन गर्ने अधिकार माथि प्रश्न गरेको होइन ।
कुनै पनि राजनीतिक व्यवस्थालाई संविधानको मर्म र भावना अनुसार प्रयोग गरियो भने सुखद परिणाम प्राप्त हुन्छ । दुरुपयोग गर्यो भने त्यसले त्यस्तै दुखःद परिणाम दिन्छ। २०४६ पछिको संसदमा त्यसबेलाका प्रमुख दल कांग्रेस, एमालेले संसदीय मर्म अनुसार काम गरेनन् ।
सत्ता राजनीतिलाई केन्द्रमा राखेर चल्दा व्यवस्थाको बदनामी भयो । संसदीय राजनीतिक प्रणालीमा सरकार माथि संसदको प्रभावकारी नियन्त्रण, निगरानी हुन्छ र आवश्यक परे नयाँ सरकारको अभ्यास पनि गरिन्छ ।बहुमतको खेल हुन्छ संसदमा । खासमा प्रतिपक्षमा बस्ने दलको अहं भूमिका रहन्छ । हिजो पनि संसदीय व्यवस्थाको गलत अभ्यास गरियो आज पनि त्यसैलाई निरन्तरता दिने उद्यम भैरहेको छ। बिडम्बना, जनवादी केन्द्रीयतामा विश्वास गर्नेलाई संसदीय राजनीतिको बागडोर सुम्मिएर एमाले जबजको सपना देख्दैछ ।
कांग्रेस संसदीय अभ्यासको हिमायती ठान्दछ आफूलाई तर तिनै चतुर जनवादीसँग सत्ता यातना गर्दैछ । प्रतिपक्षी विहिन अहिलेको संसदले संसदीय प्रणालीको जगेर्ना गर्ने हो वा अधिनायकवादी यात्रालाई सुनिश्चित गर्ने हो ? समय संशयपूर्ण छ ।

## गाविस अध्यक्षदेखि ..........

रुपमा रहेका नवनियुक्त मुख्यमन्त्री यादव प्रमाणपत्र तहसम्म अध्ययन गरेका छन् । बारा जिल्लाकै फेटा फुलबरियाकी सकुन्तला देवी यादवसंग विवाह बन्धनमा बाँधिएका यादवको तिन छोरी र दुई छोरा गरी पाँच सन्तानहरु छन् । ०४८ सालबाट सदभावना पार्टीबाट राजनीति सुरु गरेका यादव ०५४ सालमा बाराको तत्कालिन हरिहरपुर गाविसको अध्यक्ष बनेका थिए। त्यस पश्चात उनी पार्टीमै निरन्तर कुनै न कुनै पदमा बसिरहे । देशमा संघीयता सहितको परिवर्तन पश्चात उनी २०६४ सालमा पहिलो पटक संसदीय राजनीतिका यात्रा शुरु गरेका हुन् । २०६४ सालमा उनी बारा निर्वाचन क्षेत्र १ बाट तत्कालिन सद्भावना पार्टीबाट संविधानसभा सदस्य निर्वाचित भएका थिए । ०६६ सालमा एमालेका महासचिव माधव कुमार नेपालको नेतृत्वमा बनेको सरकारमा उनी वाणिज्य तथा आपुर्ती राज्यमन्त्री बने भने ०६८ सालमा डा. बाबुराम भट्टराई नेतृत्वको सरकारमा उनी स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री बनेका थिए । त्यसपछि उनी ०६९ सालमा सद्भावना पार्टीको महासचिव र ०७३ सालमा सोही पार्टीमा उपाध्यक्षको जिम्मेवारी पाएका थिए । त्यसपछि सद्भावना सहित ६ दल मिलेर बनेको राष्ट्रिय जनता पार्टी (राजपा) समेत उपाध्यक्ष पदकै जिम्मेवारी पाए ।
नेपालको संविधान २०७२ घोषणा भएपछि २०७४ मा भएको पहिलो एतिहासिक प्रतिनिधी र प्रदेशसभा निर्वाचनमा भने उनले प्रदेशसभा रोजेर राजपाबाट बारा निर्वाचन क्षेत्र १ (२) बाट निर्वाचित भए ।
सो बेला उनी राजपा कोटाबाटै निर्विरोध सभामुख पदमा चयन भएका थिए । पहिलो दल जसपाबाट मुस्लिम समुदायका लालबाबु राउतले मुख्यमन्त्री पाए भने राजपाबाट उनी सभामुख बनेका थिए । राजपा र संघिय समाजवादी मिलेर बनेको जसपाबाट महन्थ ठाकुर समुह अलग्गिएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन भएर लोसपा सरकारबाट बाहिरिदा उनी जसपा नै रोजे र सभामुखको पुरा कार्यकाल चलाउन सफल भए । उनी आफ्नो कार्यकालमा प्रदेशको नाम मधेश नचाहने सांसदहरुलाई समेत कन्भिन्स गरी प्रदेशको नाम मधेश र राजधानी जनकपुरधाम घोषणा गराउन सफल भएका हुन् ।
२०७९ को निर्वाचनमा पुनः जसपाबाट सोहि क्षेत्रबाट प्रदेशसभा सदस्यमा चुनाव लडेर जितेका यादव मधेश प्रदेशको दोस्रो मुख्यमन्त्रीमा नियुक्त भएका छन् त्यस अघि उनी जसपा मधेश प्रदेश संसदिय दलको नेता निर्विरोध निर्वाचित भएका थिए ।

## विद्यार्थी राजनीति र स्ववियु ..........

सर्वोत्कृष्ट क्याम्पसको उपाधी समेत पाएको लाई सन्दर्भ राखेर हेर्ने हो भने यहाँ पनि दुईथरी विद्यार्थी उत्पादन भइरहेका छन् । धेरै ठूलो दबाब आन्दोलनपछि टीयूले नयाँ विषय सञ्चालनका लागि स्वीकृति त दिन्छ तर कुनै पनि व्ययभार नव्यहोर्ने । कस्ट रिकभरीसिस्टममा सञ्चालन गर्दा एकदमै महँगो शुल्क पर्न जान्छ। बीबीए, बीबिएस, बीएससी,, द्यक्ष्त लगायत धेरै विषय त्यसरी नै सञ्चालन भएका छन् । जहाँ विद्यार्थीको पोसाक, हेर्न दृस्ठि पानी फरक देखिन्छ ,, कुर्सी, बेन्चसमेत फरक राखिएको छ । त्यही प्रणालीअन्तर्गत देशभर पढाइ भइरहेको छ। ठाकुर राम बहुमुखी क्याम्पसको ब्यथिति हेर्दा विद्यार्थी संघसंगठनको जिम्मेवार नरहेको भनि आत्मसात गर्नु गलत हुदैन ।क्याम्पस प्रमुख , सहायक क्याम्पस सहित दर्जन भन्दा बढि प्राध्यापकहरुले आफनो लगानीमा नीजी प्लस टु र कलेज खोलेर चलाइरहेका छन् , यादव भन्छन् ,‘ ती मध्येका अधिकांशले ठाकुररामको क्लाश नै लिदैनन , खाली तलब सुविधा मात्रै बुझछन् , आफनो पुरा टाइम र ध्यान भने निजी प्लस टु र कलेजमा दिइरहेका छन् ।
भवनका संरचनाहरु वर्षौ देखि मर्मत सम्भार नगरिदा जीर्ण हुदै गइरहेका छन् ।मुख्य भवनको माथिल्लो तल्लाको छत जीर्ण अवस्थामा पुगि सकेको छ। जसका कारण त्यहा सन्चालित विज्ञान प्रयोग शाला (साइन्स ल्याब) का आधा दर्जन विभाग वर्षौ देखि बन्द छन् । क्याम्पसमा पुस्तक अभाव,लाइब्रेरी अवेव्स्थित,पार्किङ ,कार्य प्रणाली देखि शिक्षकहरुको अनुपस्थित, लथालिङ्ग भौतिक संरचना कमजोर बन्दै गएपछि क्याम्पसको अवस्था निकै दयनीय बन्दै गएको क्याम्पसक्को शैक्षिक अवस्थ झन् जिण बन्दै जादा विद्यार्थी संगठनको कुनै ठोस प्रभावकारी पहलदारि ,अवाज र कदम नदेखिनु ठुलो बिडम्बना हो ।
यता माध्यमिक तहमा सरकारले चर्को लगानी गरिरहेको छ । तर आशा गरिएको नतिजा प्राप्त गर्न सकिरहेको छैन । अभिभावकहरू आफ्ना छोराछोरीलाई सार्वजनिक स्कुलमा पठाउन तयार छैनन् । पढाइ हुँदैन, भए पनि गुणस्तरीय छैन भन्ने धारणा राख्छन् अनि आफ्नो सामाजिक प्रतिष्ठासँग जोडेर हेर्न अनि नाक खुम्च्याउने कुराले सरकारको लगानी बालुबामा पानी राखे भैं भइरहेको छ । अधिकांश स्कुलमा संरचना मात्रै छन् विद्यार्थी स‌र्‍या अत्यन्तै दयनीय छ । ख अचम्मको कुरा के छ भने पार्टी नेता कार्यकर्ताहरू स्कुल व्यवस्थापन समितिमा बस्न तँछाडमछाड गर्ने तर आफ्ना छोराछोरीलाई त्यही स्कुलमा पढाउन तयार छैनन् । सुरुमा यो मानसिकतालाई परिवर्तन गरौँ । सरकारले पनि अभिभावकत्व ग्रहण गर्ने भन्दै नाटक मञ्चनबाहेक ठोस परिणाममुखी प्रभावकारी कार्यक्रम ल्याउन सकेको छैन । सार्वजनिक स्कुलमा विद्यार्थी फर्काउने अभियानको प्रमुख दायित्व अब विद्यार्थी संघसंगठनका ले लिनुपर्दछ । यस विषयमा राज्य पनि थोरै निर्मम भएर अगाडि बढ्नुपर्ने देखिन्छ । दुई खाले शिक्षा प्रणालीले सानैदेखि राम्रो नराम्रो, सम्मानित अपमानित जस्ता कुराको महसुस हुँदै थाहै नपाई एकखाले हीनताबोध बाल मस्तिष्कमा विकसित गराइदिन्छ । सानैबाट हामी उनीहरूलाई एउटा असहजपूर्ण, अमैत्रीपूर्ण वातावरणमा धकेलिरहेका छौँ ।अन्तमा : रुपान्तरण र सकारात्मक राजनीति परिवर्तनको लागि देश र जनता बिकास र राजनीति धर्म स्वक्छ निर्वाहको लागि स्ववियु आजको माग हो ।लेखक ने बि संघ पर्सा सभापतिका सभापति हुन ।




# प्रवेशाज्ञा बन्द गरेकामा जापानद्वारा चीनको आलोचना



टोकियो, २७ पुस
चीनले आफ्ना नागरिकलाई प्रवेशाज्ञा दिन बन्द गरेकामा जापानले त्यसको विरोध गरेको छ। जापानी नागरिकलाई 'भिसा' दिन बन्द गर्ने चीनको कदमको आलोचना गर्दै टोकियोले बुधबार उक्त कदमको विरोध गरेको हो । साथै उसले उक्त निर्णय फिर्ता लिन बेइजिङसँग माग गरेको छ। चीनमा कोरोनाका बिरामी बढेकाले त्यहाँबाट आफ्नो भूमिमा प्रवेश गर्ने चिनियाँलगायत अन्यलाई कोभिड-१९ परीक्षणको नकारात्मक प्रतिवेदन प्रस्तुत गर्नुपर्ने बाध्यकारी नियम लगाएपछि चीनले पनि त्यसको प्रतिवाद गर्दै प्रवेशाज्ञा दिन बन्द गरेको हो । चीनले मङ्गलबार जापान र दक्षिणकोरियाली नागरिकलाई भिसा नदिने सूचना जारी गरेको थियो । जापानले चीनको उक्त निर्णयलाई प्रतिशोधात्मक एवम् खेदजनक कदम भनेको छ । टोकियोले कूटनीतिक माध्यमबाट चिनियाँ निर्णयको विरोध गर्दै तत्काल निर्णय सच्च्याउन माग गरेको सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले बताए । सोलस्थित चिनियाँ दूतावासले मङ्गलबार अनलाइन पोस्ट गरेको सङ्क्षिप्त सूचनाअनुसार दक्षिणकोरियाली नागरिकलाई पर्यटन वा व्यापारको लागि चीन जानेप्रवेशाज्ञा निलम्बन गरिएको छ । सोलले चिनियाँ नागरिकमाथिको भेदभावपूर्ण व्यवहार नहटाएसम्म कोरियालीमाथिको प्रतिबन्ध लागू रहनेछ । चीनबाट कोरिया जानचाहने यात्रीले बितेका ४८ घण्टामा कोरोना सङ्क्रमण नभएको प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेपछि चीनले संसारका सबै देशसँगै त्यसैअनुरुप व्यवहार गर्ने बताएको छ । विश्व स्वास्थ्य सङ्गठनले चीनमा कोभिड-१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्याङ्क नदिएको आरोप बेइजिङमाथि लगाएको छ भने पछिल्लो समय अमेरिकालगायत दर्जनौँ देशले चीनबाट आफ्ना भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना सङ्क्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेश गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ । महामारीका बीच चीनले गत महिना अचानक कोभिड-१९ नियन्त्रणसम्बन्धी उपाय हटाएपछि विश्वसमुदाय सशङ्कित भएको छ। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी धेरै नागरिकको ज्यान गएको जनाएका थिए । केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख शहरहरूमा विरोध प्रदर्शन भएका थिए । कलकारखाना बन्द गर्ने घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण उत्रिएका थिए । (रासस /एएफपी)

# क्यानडाद्वारा राजापाक्ष दाजुभाइमाथि प्रतिबन्ध घोषणा



कोलम्बो, २७ पुस
श्रीलङ्काका पूर्वराष्ट्रपति महिन्दा र गोटाबाया राजापाक्षलाई क्यानडा सरकारले आफ्नो मुलुकको भ्रमणमा प्रतिबन्ध लगाएको छ । गृहयुद्धका बेला मानवअधिकार हनन गरेको आरोपमा उनीहरूमाथि यात्रा प्रतिबन्ध लगाइएको हो ।

सन् २००९ मा महिन्दा राजापाक्ष टापु राष्ट्रको राष्ट्रप्रमुख र गोटाबायाले रक्षा मन्त्रालयको नेतृत्व गरेका बेला तमिल टाइगर्सको पृथकतावादी आन्दोलनलाई सैन्य कारबाहीका माध्यमबाट अन्त्य गरिएको थियो । अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका अनुसार द्वन्द्वकालमा सेनाले अन्धाधुन्ध बमबारीलगायत कारबाही गर्दा ४० हजार तमिल अल्पसंख्यक मारिएका थिए ।

पश्चिमा देशले श्रीलङ्को सैनिक नेतृत्वमाथि यात्रा प्रतिबन्ध लगाएको भए पनि शक्तिशाली राजपाक्ष परिवारका सदस्यमाथि कुनै किसिमको यात्रा निषेध जारी गरेको थिएन । राजपाक्ष परिवारमाथि प्रतिबन्ध लगाउने क्यानडा पहिलो मुलुक बनेको छ । "अन्तर्राष्ट्रिय कानून उल्लङ्घन गर्नेहरूविरुद्ध अन्तर्राष्ट्रिय दण्डहीनता अन्त्य गर्न क्यानडाले आज निर्णायक कदम चालेको छ," विदेशमन्त्री मेलानी जोलीले मङ्गलबार जारी विज्ञप्तिमा भनेका छन । दुवै दाजुभाइले आफूहरू पदमा रहँदा दशकौं लामो गृहयुद्धका क्रममा भएका युद्ध अपराधको अनुसन्धान गर्न अन्तर्राष्ट्रिय दबाबको प्रतिरोध गरेका थिए। सन् २०१९ मा गोटाबाया राष्ट्रपति भएका थिए ।

देशमा व्याप्त चरम आर्थिक सङ्कटबाट क्रुद्ध भएका नागरिकको निरन्तरको विरोध प्रदर्शन तथा सरकारी निवासमा प्रवेश गरेर आन्दोलन चर्काएपछि राजीना गरेर पलायन भएका उनी सैन्य सुरक्षाको साथ सरकारी परिसरमा बसिरहेका छन् । यसैबीच, श्रीलङ्काको विदेश मन्त्रालयले बुधबार क्यानडाका कार्यवाहक राजदूतलाई बोलाएर क्यानडाको निर्णयप्रति असन्तुष्टि व्यक्त गरेको छ। रासस

# लुम्बिनीले नेपाल टी २० लिगको उपाधि जित्यो




काठमाडौँ, २७ पुस
पहिलो संस्करणको नेपाल टी २० लिगको उपाधि लुम्बिनी अल स्टार्सले हात पारेको छ। कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज भएको फाइनल खेलमा लुम्बिनीले विराटनगर सुपर किंग्सलाई २४ रनले पराजित गर्दै उपाधि हात पारेको हो । यस उपाधिसहित लुम्बिनीले रु ५५ लाख प्राप्त गरेको छ ।

यसैगरी उपविजेतामा चित्त बुझाएको विराटनगरले रु ३० लाख पायो । लुम्बिनीले दिएको १३४ रनको लक्ष्य पछ्याएको विराटनगरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १०९ रन मात्र बनाउन सक्यो । विरानगरका लागि अर्जुन साउदले सर्वाधिक ३४ रन बनाए भने पृथु बास्कोटाले २३ रन जोडे । त्यस्तै हुसेन तालतले १३ रन बनाए ।

विराटनगरले १०९ रन समेट्ने क्रममा लुम्बिनीका सागर ढकाल र हरमित सिंहले समान दुई-दुई विकेट लिए भने किशोर महतो र विपुल शर्माले समान एक-एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ राजेको लुम्बिनीले १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै १३३ रन बनाएको थियो ।

लुम्बिनीका लागि लाहिरु मिलन्थाले सर्वाधिक ४१ रन जोडे भने हरमित सिंहले ३० रन बनाए । कप्तान दीपेन्द्रसिंह ऐरीले २० तथा इशान पाण्डेले १६ रन बनाए ।

विरानगरका नन्दन यादव र राज नाननले समान दुई-दुई विकेट लिए भने सूर्य तामाङ, कप्तान रोहितकुमार पौडेल, हुसेन तालत र किओन जोसेफले समान एक-एक विकेट लिए । प्रतियोगितामा जनकपुर रोयल्स तेस्रो भयो । उसले रु १० लाख पायो । त्यस्तै काठमाडौँ नाइट्स चौथो भयो । काठमाडौँले रु पाँच लाख पायो ।

यही पुस ९ देखि सुरु भएको प्रतियोगितामा काठमाडौँ नाइट्स, जनकपुर रोयल्स, लुम्बिनी अल स्टार्स, फार वेस्ट युनाइटेड, विराटनगर सुपर किंग्स र पोखरा एभेन्जर्स गरी ६ टोली सहभागिता रहेको थियो । रासस

# आर्मी सेमिफाइनलमा प्रवेश

काठमाडौँ, २७ पुस
सातौँ संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनशिपअन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा बुधवार भएको खेलमा आर्मीले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो । आर्मीले खेलको पहिलो सेट २५-११ ले जित्यो भने दोस्रो सेट २५-१० को जित निकाल्यो । त्यस्तै खेलको तेस्रो सेट २५-१५ ले आफ्नो पक्षमा पार्‍यो ।




यस जितसँगै समूह 'बी' मा रहेको आर्मीले दुई खेलबाट ६ अङ्क जोडेको छ। पराजित गण्डकीको भने यो लगातार दोस्रो हार हो ।

त्यस्तै महिलातर्फको समूह 'ए' बाट साबिक विजेता न्यू डायमन्ड युथ स्पोर्ट्स क्लब र नेपाल पुलिस क्लबले सेमिफाइनलको यात्रा तय गरिसकेका छन् । च्याम्पियनशिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन् ।

च्याम्पियनशिपको महिला र पुरुषतर्फको विजेता टोलीले रु चार लाख पाउनेछन् भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछन् । त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख पाउनेछन् ।रासस

# भारतमा घरजग्गा कारोबारमा उच्च वृद्धि



नयाँदिल्ली, २७ पुस
बढ्दो बैंक ब्याज दरका बावजुद भारतमा घरजग्गा कारोबारमा उच्च वृद्धि भएको छ। सन् २०२२ मा भारतको 'रियलस्टेट' क्षेत्रले दशकयताकै उच्च वृद्धिदर हासिल गरेको हालै सार्वजनिक एक प्रतिवेदनमा देखाइएको हो ।

नाइट फ्याङ्कले हालै प्रकाशन गरेका प्रतिवेदनअनुसार गत वर्ष भारतको 'रियल्टी' बजार ३४ प्रतिशतले बढेको थियो । घरको स्वामित्वप्रतिको मनोवृत्तिमा परिवर्तन, कार्यव्यापारलाई निरन्तरता दिने र आर्थिक स्थायित्व कामय गर्ने प्रयासका कारण घर जग्गा कारोबारमा वृद्धि भएको जनाइएको छ । यो वृद्धिलाई कोभिड-१९ महामारीपछि भारतीय अर्थतन्त्रमा खुलापनले प्रवेश पाएको दृष्टान्तका रुपमा चित्रण गरिएको छ ।प्रतिवेदनका अनुसार गत वर्ष देशका शीर्ष आठ रियल्टी बजारमा कुल तीन लाख १२ हजार छ सय ६६ आवासीय भवन बिक्री भएका थिए भने तीन लाख २८ हजार एक सय २९ नयाँ भवन थपिएर ४१ प्रतिशतले वृद्धि भएको थियो ।

आवास बिक्रीमा मुम्बई अग्रस्थानमा रह्योभने त्यसपछि राष्ट्रिय राजधानी दिल्ली र आसपासका शहर र दक्षिणी सहर बेङ्गलुरुमा अधिक कारोबार भयो । महामारीका कारण चुनौती उत्पन्न भए पनि कार्यालयका निम्ति पनि उत्तिकै स्थान खरिद भएको थियो ।

बढ्दो मुद्रास्फीति नियन्त्रण गर्न देशको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डियाले सरकारी धितोमा अल्पकालका निम्ति उपलव्ध गराइने ऋणको दर पाँच पटक बढाएको थियो भने आवास ऋणको ब्याज दरमा वृद्धि गरेको थियो । (रासस/ सिन्ह्वा)

# पेरुका राष्ट्रपतिमाथि अनुसन्धान शुरु



पुनो (पेरु), २७ पुस
पेरुका राष्ट्रपति डिना बोल्वार्तेमाथि सरकार विरोधी प्रदर्शनमा दमन गरेको अभियोगमा अनुसन्धान थालिएको छ । गत डिसेम्बरदेखि भएका सरकार विरोधी प्रदर्शनमा कम्तीमा ४० जना मारिएपछि राष्ट्रपतिको भूमिकालाई लिएर छानबिन थालिएको हो ।

प्रदर्शनकारी र सुरक्षाकर्मीबीच सोमबार भएको झडपमा १८ जनाको मृत्यु भएपछि मङ्गलबार हिंसात्मक प्रदर्शन दबाउन सरकारले दक्षिणी पुनो क्षेत्रमा निषेधाज्ञा ९कर्फ्यु० आदेश जारी गरेको छ । अपुरिमक, ला लिबर्टाड, पुनो, जुनिन, अरेक्विपा र अयाकुचो क्षेत्रमा सरकार विरोधी प्रदर्शनका क्रममा भएका दमनमा राष्ट्रपतिको भूमिकालाई लिएर अनुसन्धान भइरहेको सरकारी अभियोजन कार्यालयले जनाएको छ ।डिसेम्बर ७ मा पूर्वराष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले बोल्वार्तेविरुद्ध आन्दोलन गर्दै आएका छन् । जारी विरोध प्रदर्शन दबाउन राज्यशक्तिको प्रयोग हुँदा कैयौँ नागरिकको मृत्यु भएकामा पेरुस्थित राष्ट्रसङ्घीय कार्यालयले गहिरो चिन्ता व्यक्त गरेको छ। हिंसात्मक गतिविधि परित्याग गर्न सम्बद्ध पक्षलाई आग्रह गर्दै राष्ट्रसङ्घले शान्तिपूर्ण विरोध गर्ने अधिकार एवम् आधारभूत मानव अधिकारको सम्मान गर्न आग्रह गरेको छ ।

पेरुका प्रभावशाली क्याथोलिक गिर्जाघरका नेताहरूले देशमा भड्किएको हिंसालाई मुलुक युद्धको अवस्थामा पुगेको टिप्पणी गरेका छन् । राज्य बर्बर बनेको आरोप लगाउँदै उनीहरूले संयमित हुन सम्बद्ध पक्षसँग अनुरोध गरेका छन् ।

पुनाको क्षेत्रीय सरकारले तीन दिनको शोकको घोषणा गर्दै राष्ट्रपति बोल्वार्तेलाई पदत्याग गर्न आह्वान गरेको छ। (रासस /एएफपी)


# अमेरिकी सीमा योजनाले मानव अधिकारलाई कमजोर पार्ने खतरा

जेनेभा, २७ पुस
संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुखले बुधबार अमेरिकाको नयाँ सीमा कार्यान्वयन योजनाले अन्तर्राष्ट्रिय मानव अधिकार र शरणार्थी कानुनको आधारभूत जगलाई कमजोर पार्ने खतरा रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार उच्चायुक्त भोल्कर तुर्कले भने ,"व्यक्तिको उत्पत्ति, आप्रवासनको स्थिति वा उनीहरू अन्तर्राष्ट्रिय सीमामा रहेका व्यक्तिले शरण लिन पाउने अधिकार मानव अधिकार हो ।"गत हप्ता अमेरिकी राष्ट्रपति जो बाइडेनले टाइटल ४२ नामक विवादास्पद नियमलाई विस्तार गर्ने नयाँ योजनाको घोषणा गर्नुभएको थियो । यो योजनाले बिना अनुमति सीमामा देखिएका थप मानिसहरूलाई तुरुन्तै फिर्ता गर्न सम्भव भएको थियो ।

यो योजनाले प्रत्येक महिना लगभग ३० हजारभन्दा बढी भेनेजुयला, हाइटी, क्युबा र निकारागुआका मानिसहरूलाई मेक्सिकोमा द्रूत मार्गबाट फिर्ता गर्न अनुमति दिन्छ ।

"यी उपायहरू सामूहिक निष्कासनको निषेध र गैर-पुनरुत्थानको सिद्धान्तसँग भिन्न देखिन्छन्," तुर्कले भने । (रासस/एएफपी)



## ठोरी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विवाद

# आक्रोशित विद्यार्थीले वडा कार्यालयमा गरे तोडफोड

मधेशदृष्टि
वीरगंज, २७ पुस । ठोरी गाउँपालिकामा आयोजित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको अन्तिम निर्णयलाई लिएर विवाद उत्पन्न भएको छ ।

गाउँपालिकाले आयोजना गरेको सो प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको अन्तिम निर्णयलाई लिएर सरस्वती मावि, ठोरीले असन्तुष्टी जनाएको थियो । अन्तिम निर्णय नमान्ने भन्दै बहिष्कार गरेर घर फर्कदै गरेका आक्रोशित विद्यार्थीको समूहले गाउँपालिका वडा नं. २ को कार्यालयमा तोडफोड समेत गरेका छन् ।

गएराति ९ बजेतिर सरस्वती मावि ठोरीका विद्यार्थीले वडा कार्यालयमा प्रवेश गरेर कुर्सी, सोफा लगायत फर्नीचर सामाग्रीमा क्षति पुऱ्याएको वडाध्यक्ष अमृतकृष्ण सापकोटाले आरोप लगाएका छन ।

विद्यार्थीले कार्यालयको ढोकामा लगाएको ताल्चा फोड्न खोजेका थिए । ताल्चा फोड्न नसकेपछि गेट माथिबाट कार्यालय परिसर भित्र प्रवेश गरी फर्निचर सामाग्रीमा तोडफोड गरेको उनले जानकारी दिए । विद्यार्थीको तोडफोडबाट कार्यालयको ३ वटा कुर्सी र सोफामा क्षति पुगेको छ । घटनाको सम्बन्धमा बुधवार बिहान अनौपचारिक छलफलमा घटनाका सम्बन्धमा सरस्वती माविका प्रधानाध्यापक केशव प्रसाद रेग्मीले घटनाको नैतिक जिम्मेवारी लिने भएका छन् ।

पुस २४ गतेदेखि २६ गतेसम्म सम्पन्न प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सरस्वती मावि ठोरीले सर्वाधिक १३ स्वर्ण पदक जितेको थियो । तर निर्णायकले पदकको अंकका आधारमा निर्णय गर्दा सरस्वती मावि ठोरी दोस्रो र ज्ञानज्योति मावि प्रथम भएको थियो । सोही निर्णयमा आपत्ती जनाउँदै विद्यालयले पुरस्कार बहिष्कार गरेको थियो ।

पुरस्कार बहिस्कार गरेर घर फर्कने क्रममा विद्यार्थीले ठोरी गापा अध्यक्ष लाल बहादुर श्रेष्ठ लगायतको विरोधमा नाराबाजी समेत गरेका थिए । स्वर्ण पदकका आधारमा प्रथम, द्बितिय र तृतिय घोषणा गर्नुपर्ने उनीहरुले माग गरेका छन् ।

# पोखरियामा पनि कपडा बैंक स्थापना




मधेशदृष्टि
बीरगंज, २७ पुस । हालसम्म पर्सा जिल्लाको सदरमुकाम वीरगंजमा मात्रै सञ्चालित कपडा बैंक अब पोखरिया नगरपालिकामा पनि स्थापित भएको छ ।

कपडाको अभावमा शितलहरका कारण बढेको चिसोका कारण गरिव तथा अतिविपन्नलाई हुँदै आएको अफ्ठ्यारोलाई अन्त्य गर्दै पोखरिया नगरपालिकामा कपडा ब्याङ्क स्थापन गरिएको हो ।

रेडक्रस सोसाईटी पोखरिया उपशाखाको ३३ औं बार्षिक साधारणसभामा गरिएको निर्णय बमोजिम उक्त कपडा बैंकको स्थपना गरिएको रेडक्रस सोसाईटी पोखरिया उपशाखाकी उपसभापति सलमा खातुनले जानकारी दिए ।

पोखरिया कपडा ब्याङ्कमा जम्मा भएको लत्ताकपडा जाडोमा मात्र नभई नै आवश्यकता अनुसार लक्षित वर्गलाई वितरण गरिने खातुनले बताउनुभयो ।

# मानव बेचबिखन आरोपमा तीन पक्राउ



मधेशदृष्टि
वीरगंज, २७ पुस । पर्सा प्रहरीले मानव बेचबिखन तथा ओसार पोसारमा संलग्न रहेको आरोपमा वीरगंजबाट ३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा महोत्तरीको गौशाला नगरपालिका-११ का ३७ वर्षीय रमेशकुमार श्रेष्ठ, वीरगञ्ज-८ का ५४ वर्षीय अनिलकुमार अरोडा र लम्जुङ राइनास नगरपालिका-४ का ३२ वर्षीय डोलनाथ कट्टेल रहेको प्रहरीले जनाएको छ ।

अनिल र रमेश वीरगंज लिंक रोडस्थित रानीपोखरी होटलका कर्मचारी हुन् ।

अनिल होटलका व्यवस्थापक हुन भने रमेश वेटरको काम गर्ने हुन । पुस २४ गते वीरगञ्ज-१५ स्थित रानीपोखरी होटलमा मानव बेचबिखन तथा ओसारपसारको काम भइरहेको सूचना प्रहरीलाई आएको थियो ।

विशेष सूचनाको आधारमा राति १० बजे चेकजाँच गर्दा होटलको १०८ नम्बर कोठामा २५ वर्षीया युवती र डोलनाथ आपत्तिजनक अवस्थामा फेला परेका थिए । महिलासँग प्रारम्भिक सोधपुछ गर्दा मन्जुरी नहुँदा नहुँदै वेश्यावृत्ति गर्न बाध्य पारिएको भनी बयान दिएको प्रहरीको दाबी छ ।

प्रहरीका अनुसार होटलमा काम गर्ने अनिल र रमेशले कारागारमा जेल जीवन बिताइरहेका श्रीमानलाई छुटाएर र एक रातकै नगद ४ हजार दिने प्रलोभन दिई महिलालाई यौनजन्य कार्यमा लगाएका थिए ।

प्रारम्भिक अनुसन्धानको क्रममा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर भएको देखिएकोले उनीहरू तीनै जनालाई नियन्त्रणमा लिइ पर्सा जिल्ला अदालतबाट ५ दिनको म्याद अनुमति लिइ थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिएका छन् ।

# मोटरसाइकल ठक्करले एक महिलाको मृत्यु

मधेशदृष्टि
बीरगंज, २७ पुस । बारामा मोटर साईकलले ठक्कर दिंदा सडकमा हिँडिरहेकी एक महिलाको मृत्यु भएको छ ।

कोल्हवी नगरपालिका वगेवा टोल बस्ने अन्दाजी ५८ वर्षीया ज्ञान्त्री चौधरीलाई मंगलवार साँझ तामागढी सिम्रौनगढ सडक खण्डमा कोल्हवीबाट बगेबातर्फ जाँदै गरेको बा.२९प ७०१८ को मोटरसाइकलले दिएको थियो ।

मोटर साईकलको ठक्कर पछि गम्भिर घाइते चौधरीको एल.एस. न्युरो अस्पताल परवानीपुरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता राजेश थापाले जानकारी दिएका छन् ।

दुर्घटनामा ज्ञान्त्रीलाई ठक्कर दिने मोटरसाइकल चालक स्थानीय २६ वर्षीय कुन्दन चौधरी पनि घाइते छन् ।

उनको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको छ । घाइते चालक कुन्दनको तामागढी अस्पताल कोल्हवीमा उपचार भई रहेको छ ।

# सिर्सिया नदी प्रदुषण मुक्त गराउन नगर परिषदले बुझाए ज्ञापन

मधेशदृष्टि
वीरगंज, २७ पुस । सिर्सिया नदी प्रदुण मुक्त गर्न माग गर्दै रक्सौल नगरपरिषदका स्वच्छ सर्वेक्षण अभियन्ताले वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई ज्ञापन पत्र बुझाएका छन् ।

सिर्सिया नदी प्रदुषणले पर्यावरण र जनजीवनमा खतरा बढाएको भन्दै प्रदुषण मुक्त गराउन कडा कदम चाल्न सुझाव सहित ज्ञापन पत्र बुझाएका हुन् ।

रक्सौल नगरपरिषदका स्वच्छ सर्वेक्षण अभियन्ता डा.स्वयंभु शलभले बुझाएको ज्ञापन पत्रमा नदी प्रदुषणले यस क्षेत्रमा भौगर्भिक रुपमै पानी दुषित हुने जोखिम देखिएको उल्लेख छ ।

बारा, पर्सामा संचालित उद्योगबाट निस्कने जहरिलो रसायानिक लेदो सोझै सिर्सिया नदीमा मिसाउने गर्दा नदी प्रदुषित भएको भन्दै त्यसलाई कडाईका साथ नियन्त्रण गर्नु पर्नेमा उनले जोड दिएका छन् ।

वीरगंजबाट भारत प्रवेश गर्ने यो नदी भारततर्फ कुनै पनि प्रदुषित पदार्थ मिसाउने नगरीएको भए पनि नेपाल तर्फबाटै प्रदुषित भएर जाँदा भारतीयहरुले पनि सास्ति भोग्नु परेको विज्ञप्तिमा उल्लेख छ । यहाँबाट प्रदुषित भएर गएको पानीले गंगा नदी समेतलाई प्रदुषित गराएको भन्दै प्रदुषण गर्नेलाई कडाईका साथ कारबाही गरेर नियन्त्रण गर्नु पर्नेमा जोड दिइएको छ ।

यो नदीलाई प्रदुषण मुक्त गराउन रक्सौल नगरपरिषद वीरगञ्ज महानगरसँग हातेमालो गर्न तयार रहेको भन्दै अभियान चलाउन आग्रह गरिएको छ ।

वीरगंज महानगरले यो नदी प्रदुषण मुक्त गराउन भन्दै अहिले नदी क्षेत्रमा रहेको उद्योगको अनुगमन जारी राखेको छ ।

# अफिम खेती नष्ट

मधेशदृष्टि
बीरगंज, २७ पुस । सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर १ दोहरी टोलमा अबैध रूपमा अबैध लागू औषध अफिम करिब २ कठ्ठा क्षेत्रफलमा लगाईएको अफिम नष्ट गरिको छ । बुधवार दिउँसो ३ बजे विषेश सूचनाको ईलाका प्रहरी कार्यालय एकटाङ्गा बाट प्रहरी नायब निरीक्षक रवीन्द्र खड्का को नेतृत्व खटिएको प्रहरीले २ कठ्ठा अफिस फडानी गरि नस्ट गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार अफिम खेती गर्नेहरुको खोजी भइरहे पर्सा प्रहरीले जनाएको छ ।

# दरबारको न्यानो कपडा वितरण जारी

मधेशदृष्टि
बीरगञ्ज, २७ पुस । खुला आकाशमा रात विताउन बाध्य भएकाहरुका साहिब दरबार सेवा संस्थानले लागि न्यानो कपडा वितरण गर्ने अभियानलाई निरन्तरता दिएको छ ।

संस्थानले गएराति वीरगञ्जका विभिन्न स्थानमा पुगेर सडक पेटीमा रात विताइरहेकाहरुलाई न्यानो कपडा (कम्बल) उपलब्ध गराएको छ । वीरगञ्जको माइस्थान, घण्टाघर, आदर्शनगर, बसपार्क, छपकैया, विर्ता, गण्डक, भन्सार लगायतका स्थानमा खुला आकाशमुनी र सडक पेटीमा सुतिरहेका करिब ५० जनालाई न्यानो कपडा उपलब्ध गराइएको हो । चिसोकै कारण कसैले ज्यान गुमाउन नपरोस भन्ने अभिप्रायले न्यानो कपडा उपलब्ध गराइएको संस्थानका अध्यक्ष उमेशलाल सहनीले बताउनुभयो । विशेष गरेर रिक्सा, ठेला चालक तथा विपन्न व्यक्तिहरु सडक पेटीमै रात गुजार्न बाध्य छन् ।

रातको समयमा चिसो झनै बढ्ने भएकाले सडक पेटी र खुला स्थानमा रात बिताउन बाध्य ब्यक्तिहरुको जीवन रक्षाका लागि आफुहरुले न्यानो कपडा उपलब्ध गराउन थालेको संस्थानका रुपेशमान सिंहले बताए ।

# पृथ्वी जयन्तीको अवसरमा माल्यार्पण एवं कम्बल बितरण



मधेशदृष्टि
वीरगंज, २७ पुस । पृथ्वीनारायण शाहको ३०१ औं जयन्ती एवम् राष्ट्रिय एकता दिवसको अवसरमा माल्यार्पण कार्यक्रमको आयोजना गरिएको छ ।

राष्ट्रिय सरोकार मंच नेपाल नारायणीले बीरगंजको घण्टाघरमा आयोजना गरेको माल्यार्पण कार्यक्रमका प्रमुख अतिथी पर्साका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालले पृथ्वीनारायण शाहको तस्बिरमा माल्यार्पण गर्दै पृथ्वीनारायण शाह हाम्रो राष्ट्रपिता हुन हामी सबैले उहाँको सम्मान गर्नुपर्ने कुरामा जोड दिए । उनले पृथ्वीनारायण शाह राष्ट्रपिता रहेका कारण आफु जुन ठाँउमा भएको पनि कार्यक्रममा आफनो निरन्तर उपस्थिती रहने गरेको बताए । प्रमुख जिल्ला अधिकारी ढकालले यस्तो बिषेश अवसरमा कसैले पनि पृथ्वीनारायण शाहको दिब्य उपदेश बिर्सन नहुने बताए । समाजसेवी एवम् राष्ट्रबादी पशुपति बिक्रम शाहले राष्ट्र विखण्डनमा परेको अवस्थामा पनि देशका जनताले पृथ्वीनारायण शाहलाई कहिले पनि विर्सन नसक्ने बताए । नागरिक संघर्ष समितीका उपाध्यक्ष हिराबहादुर चन्दले नेपाली जनताको अगाडी घुडा टेकी बसौ पछि सार्वजनिक बिदा दिन प्रति बाध्य भएको कुरामा जोड दिए । त्यस्तै बीरगंज उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले पृथ्वीनारायण शाह हाम्रो राष्ट्रपिता रहेका कारण उहाँलाई हामी सबैले सम्मान गर्नु पर्ने कुरामा जोड दिए । राष्ट्रिय सरोकार मंच नेपाल नारायणीका संयोजक नन्दकिशोर गोयलको अध्यक्षतामा आयोजित कार्यक्रममा हिन्दु युवा संघ नेपालका अध्यक्ष राजेश सिंह, समाजसेवी उषा शाह, लगायतले पृथ्वीनारायण शाहको जिवनी बारे चर्चा गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय सरोकार मंच नेपाल नारायणीका केन्द्रिय संयोजक सोम बिक्रम सिंह, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल बिक्रम शाह, सशस्त्र प्रहरी बल १३ नं. गणका सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेत, राष्ट्रिय अनुसन्धान कार्यालय पर्साका ललित चौधरी, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक बिशाल मल्ल, श्रीपुरका डिल्लीराम सापकोटाको सहभागीता रहेको मंचका प्रेस संयोजक प्रणय कुमारले जानकारी दिएका छन् ।

कार्यक्रममा ५० जना महिला तथा पुरुषहरुलाई कम्बल बितरण गरिएको थियो । किरण बैठा र पुजा बैठाले अतिथीहरुलाई खादा ओढाई स्वागत गरेका थिए । कार्यक्रममा महेशचन्द्र गौतमले स्वागत भाषण गर्नु भएको थियो भने सहजीकरण बिरेन्द्र शाहले गरेका थिए । कार्यक्रममा मंचका उपाध्यक्ष कमल घिमिरे, सचिव मकबुल मियाँ, नगर अध्यक्ष उपेन्द्र बरै, स्थानियबासी, समाजसेबी, भद्रभलादमी, पत्रकारहरुको समेत सहभागीता रहेको थियो ।

# नि:शुल्क आँखा र दाँत परिक्षण शिविर

मधेशदृष्टि
बीरगंज, २७ पुस । बीरगंजको मिनाबजारमा नि:शूल्क आँखा तथा दाँत परीक्षण शिविर सम्पन्न भएको छ ।सामुदायिक सेवा केन्द्र मिनाबजारले वीरगञ्ज सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा आयोजना गरेको आँखा तथा दाँत परीक्षण शिविर सम्पन्न भएको हो ।

सामुदायिक सेवा केन्द्र मिनाबजारका अध्यक्ष बासुदेव सहनीको अध्यक्षतामा सम्पन्न शिविरको उद्धाटन वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले गरेका थिए ।

शिविरको उद्धाटन गर्दै प्रमुख सिंहले यस्ता शिविरलाई हरेक वडामा मासिक रुपमा सञ्चालन गर्ने महानगरको तयारी रहेको बताए । नगर प्रमुख सिंहले एक फरक प्रसँगमा मिना बजारमा बढी व्यस्तता हुनुका साथै सडक अतिक्रमण गरेर तरकारी बजार लगाउनेप्रति आपत्ति जनाउँदै महानगरले निश्चित स्थान तोकेर व्यवस्थापन गर्ने बताए ।

शिविरमा १ सय ६ जनाको आँखा परीक्षण गर्दा ४० जनामा मोतिबिन्दु फेला परेको वीरगञ्ज सामुदायिक आँखा अस्पतालका मेडिकल संयोजक महेश सिंह धामीले जानकारी दिए । कार्यक्रममा सामुदायिक सेवा केन्द्र मिनाबजारका उपाध्यक्ष प्रवेश सर्राफ, जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरी, महिला सेलकी प्रहरी निरीक्षक मनिषा लौडारी, सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुमिया ठकुराई लगायतको उपस्थिती रहेको थियो ।

# पृथ्वी जयन्तीमा राप्रपाको र्‍याली

मधेशदृष्टि
बीरगंज, २७ पुस । राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको अवसरमा राप्रपा पर्सा क्षेत्र नम्बर १ को आयोजनामा आज वीरगंजमा र्‍याली तथा सभाको आयोजना गरिएको छ । वीरगंजको रोयल पार्टी प्यालेसबाट निस्किएको र्‍याली घण्टाघरमा पुगेर समापन भएको थियो । राप्रपा पर्सा क्षेत्र नम्बर १ का अध्यक्ष रमेश गिरीको सभापतित्वमा सम्पन्न कार्यक्रममा पार्टीका केन्द्रिय सदस्य अंगत ठाकुर, राप्रपाका मधेश प्रदेश संगठन विभाग प्रमुख किरण मान डंगोल, पूर्व केन्द्रिय सदस्य नागिना यादव, अवधकिशोर साह, संगिता सहनी, हरि चौधरी लगायतको सहभागिता रहेको थियो । राप्रपाले प्रमुख एजेण्डाको रुपमा उठाएको राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको अवसरमा सरकारले सार्वजनिक विदा दिएकोमा पार्टीको तर्फबाट सरकारलाई धन्यवाद ज्ञापन गरिएको पार्टीका नेता नागिना यादवले जानकारी दिए । यसैगरी राष्ट्रिय एकता दिवस तथा ३०१ औं पृथ्वी जयन्तीको अवसरमा राजभक्त देशभक्त समूहले महाविर मन्दिर परिसरमा माल्यार्पण कार्यक्रमको आयोजना गरेको छ । समूहका केन्द्रिय अध्यक्ष दिपेन्द्र प्रसाद रौनियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजकिशोर चौवे, सतिस श्रीवास्तव, शम्भु चौरसिया, पशुपति विक्रम शाह, हिराबहादुर चन्द, विरेन्द्र थापा लगायतको सहभागिता रहेको थियो ।

# निस्सासिएर दुई भारतीय नागरिकको मृत्यु

मधेशदृष्टि
बीरगंज, २७ पुस । चिसो र जाडोबाट बच्न कोठा भित्र कोइला बालेर सुतेको अवस्थामा वीरगंजमा निसासिएर २ जना भारतिय नागरिकको मृत्यु भएको छ । वीरगञ्ज महानगरपालिका वडा नम्बर २२ जगरनाथपुरस्थित त्रिपती ट्रेडिङ एण्ड सप्लार्यस कोइला डिपो रेखदेख गर्न राखिएका २ कर्मचारीको निसासिएर मृत्यु भएको अवस्थामा बुधवार विहान भेटिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

मृत्यु हुनेमा भारत बिहार राज्य मोतिहारी जिल्ला थाना रक्सौल कौवा ठेगर वडा नम्बर ७ बस्ने २९ वर्षीय पबित्र गिरी र भारत बस्ने सोही डिपोका म्यानेजर ३० वर्षीय मिथलेश यादव रहेका छन् ।

गएराति कोईला डिपोको एकतले पक्की भवनको कोठाभित्र झ्याल ढोका बन्दगरी सुतेका उनीहरु बिहान अबेरसम्म नउठेपछि प्रहरीको उपस्थितिमा ढोका फोडेर हेर्दा दुवै जना मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवम डिएसपी दिपक गिरीले जानकारी दिएका छन् ।

नारायणी अस्पतालबाट चिकित्सक सहित घटनास्टथल पुगेर घटनाको अनुसन्धान गर्ने क्रममा तगारीमा पत्थर कोइला वालेर झ्याल ढोका बन्द गरी सुतेकोमा अक्सीजनको कमीका कारण उनिहरुको निसास्सिएर मृत्यु भएको प्रारम्भिक स्वास्थ्य परिक्षणको क्रममा भेटिएको प्रवक्ता गिरीले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल